जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ४९ • २०८० साल असार २३ गते शनिबार (8 July, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# कोशी सरकारविरुद्ध सर्वोच्चमा रिट, आइतबार पेसी

**रिट निवेदनमा प्रदेश प्रमुखले मुख्यमन्त्रीमा थापालाई नियुक्त गर्ने निर्णय उत्प्रेषणको आदेशले वदर गरी संविधानको धारा १६८ को उपधारा (३) बमोजिम प्रदेशसभाको सबभन्दा ठूलो दलको नेतालाई सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरि हक प्रचलनको समेत माग दाबी गरेको उल्लेख छ।**



**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेशको नयाँ सरकार गठनको प्रक्रिया असंवैधानिक भएको भन्दै एमालेले सर्वोच्च अदालतमा शुक्रबार रिट निवेदन दायर गरेको छ। उक्त निवेदन माथि सुनुवाइका लागि सर्वोच्च अदालतले आइतबारको पेसी तोकेको एमालेका प्रमुख सचेतक रेवतिरमण भण्डारीले बताए।

सभामुखको समेत हस्ताक्षर जोडेर सरकार गठनमा लागि आवश्यक ४७ प्रदेश सांसदको बहुमत देखाएर मुख्यमन्त्रीमा गठबन्धन दलका नेता उद्धव थापालाई नियुक्त गरेको निर्णयविरूद्ध एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले निवेदन दायर गरेका हुन्।

कार्कीका वारेस काठमाडौं महानगर २९ का पवनकुमार निरौलाले दायर गरेको रिट निवेदनमा प्रदेश प्रमुख प्रशुराम खापुङ, मुख्यमन्त्री उद्धव थापा र सभामुख बाबुराम गौतमलाई विपक्षी बनाएको छ।

रिट निवेदनमा प्रदेश प्रमुखले मुख्यमन्त्रीमा थापालाई नियुक्त गर्ने निर्णय उत्प्रेषणको आदेशले वदर गरी संविधानको धारा १६८ को उपधारा (३) बमोजिम प्रदेशसभाको सबभन्दा ठूलो दलको नेतालाई सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरि हक प्रचलनको समेत माग दाबी गरेको उल्लेख छ।

उक्त निवेदनको न्याय निरूपणमा समय लाग्ने भएकाले प्रदेश प्रमुखको मुख्यमन्त्री नियुक्ति गर्ने निर्णय यथास्थितिमा राख्नु र विपक्षी थापालाई मुख्यमन्त्रीको रूपमा कुनैपनि काम कारवाही गर्न नदिनु भनी विपक्षी प्रदेश प्रमुखको नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी न्याय इन्साफ माग गरेको छ।

यस्तै रिट निवेदनमा मुख्यमन्त्री नियुक्ति प्रक्रियाका सन्दर्भमा तटस्थता भूमिकाको पदलाई सत्ता गठबन्धनले दलीयकरण गरेको पनि उल्लेख छ। साथै मुख्यमन्त्री नियुक्ति प्रक्रिया संविधानविपरीत भएको भन्दै गठबन्धन दलले संविधान र कानुन उल्लंघन गरेर सभामुखको तटस्थ पदको मानमर्दन गरेको रिटमा उल्लेख छ।

निवेदनमा आफूले असार १५ गते प्रदेशसभामा विश्वासको मत नपाएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुई भन्दा बढी दलको समर्थनमा सरकार गठनका लागि असार १७ गते ५ दिनको समय दिएर सरकार गठनका लागि आह्वान गरेका थिए। गठबन्धन दल कांग्रेसका २९, माओवादीका १२, नेकपा (एकीकृत समाजवादी) का ४, जनता समाजवादीका एक र सभामुख बाबुराम गौतमले प्सदेशसभा सदस्यको हैसियतमा गरि ४७ प्रदेश सांसदको समर्थनमा प्रदेश प्रमुख दापुङ्समक्ष थापाको नेतृत्वमा बिहीबार सकार गठनका लागि दावी पेस गरिएको थियो। सभामुखले प्रदेशसभामा दल त्याग गरेको र तटस्थ बस्नुपर्ने संवैधानिक व्यवस्थाविपरित गौतमको हस्ताक्षरले बहुमतले असंवैधानिकरूपमा बहुमत कायम भएको देखाइ मुख्यमन्त्री नियुक्त गरेको भनिएको छ। प्रदेश प्रमुखले थापालाई बिहीबार मुख्यमन्त्री नियुक्त गरि शुक्रबार पद तथा गोपनियताको सपथसमेत ग्रहण गराईसकेका छन्। मुख्यमनत्री थापाले तीन सदस्यी मन्त्रीमण्डल गठनपछि सपथ लिएर पदभार ग्रहण गरिसकेका हुन्।

# इतिहास नलेखिए भविष्य सुनिश्चित नहुने : अध्यक्ष यादव




मधेश प्रज्ञा प्रतिष्ठानद्वारा शुक्रबार महोत्तरीको बर्दिबासमा मधेशको इतिहास लेखन सम्वन्धी दुई दिने गोष्ठी शुभारम्भ गर्दै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव। *तस्विर : टुडे*

**टुडे समाचारदाता**

बर्दिबास। जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले मधेशको इतिहास लेखनका लागि यहाँको भाषा, संस्कृति र साहित्यको खोज आवश्यक रहेको बताएका छन्। शुक्रबार महोत्तरीको बर्दिबास-४ माईस्थानमा मधेशको इतिहास लेखनसम्बन्धी दुईदिने अन्तर ष्ट्रिय गोष्ठीको शुभारम्भ गर्दै उनले यी विषय मधेशको इतिहास लेखनमा अपरिहार्य तत्व रहेका उल्लेख गरे।

मधेश प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा अध्यक्ष यादवले यस क्रममा पूर्व मेचीबाट पश्चिम महाकालीसम्मको मधेशका सबै जातजाति, भाषाभाषी र संस्कृतिको प्रामाणिक तथ्य खोज्न अनुरोध गरे। "हाम्रो विगतका जे-जस्ता उत्पीडन र शोषणका घटना छन्, ती जस्ताको त्यस्तै खोजिउन्, लेखिउन्", अध्यक्ष यादवले भने, "यिनमा कोच, मिथिला, लुम्बिनी (अवध) र पश्चिम थारूका प्राचीन परम्परा कुनै नछुटुन्।" उनले इतिहास लेखनका क्रममा मधेशका विभिन्न क्षेत्रमा फरक-फरक भाषा र चालचलनको खोजी गर्न पनि विज्ञहरूसँग आग्रह गरे। उनले इतिहास नलिए भविष्य सुनिश्चित नहुने भएकाले इतिहासकारहरुलाई सत्य तथ्य र आधार सहितको इतिहास लेख्न आग्रह गरे।

कार्यक्रममा अधिकारकर्मी तथा राजनीतिक विश्लेषक विजयकान्तलाल कर्णले इतिहास लेखनका लागि अभिलेख, शिलालेख, ताम्रपत्र, प्राचीन मुद्रा र जनश्रुतिहरू प्रामाणिकताका मुख्य आधार हुने औँल्याए। यसैगरी भारतीय प्राज्ञ अयोध्यानाथ झाले नेपालको मधेश भू-भाग र भारतको बिहारका रीतिथिति, संस्कृति, भाषा, लवाइखुवाइ र रहनसहन मिल्दाजुल्दा रहेका हुँदा यी सबैको खोजी हुन आवश्यक रहेको बताए।

मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडी 'भ्रमर'को अध्यक्षतामा भएको दुईदिने कार्यक्रममा 'मधेशको इतिहास-गण्डकी पश्चिम कञ्चनपुरसम्म', 'मधेशको इतिहास-गण्डकी पूर्वदेखि कोशी पश्चिमसम्म', 'मधेशको इतिहास-पूर्व मेचीबाट कोशीसम्म', 'मधेश प्रदेशको साहित्य, संस्कृति' र 'मधेश प्रदेशको भाषा/कला'सम्बन्धी कार्यपत्र प्रस्तुत गरिने प्रतिष्ठानका सदस्यसचिव रामहृदय यादवले जानकारी दिए। कार्यक्रममा नेपालको मधेश र सीमावर्ती भारतका इतिहास, पुरातत्व, संस्कृति, भाषा, सभ्यता लगायतका क्षेत्रमा कार्यरत प्राज्ञहरू सहभागी रहेको प्रतिष्ठानले जनाएको छ।

# कोशीमा मन्त्रिमण्डल विस्तार, सुनुवार र जवेगु बने मन्त्री



**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री उद्धव थापाले शुक्रबार पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन्। प्रदेश प्रमुख पर्शुराम खापुङले उनलाई शपथ ग्रहण गसाएका हुन्। तीन जना मन्त्री नियुक्त गरेर प्रदेश प्रमुख समक्ष पद तथा गोपनियताको शपथ लिने मुख्यमन्त्री थापाको तयारी थियो। तर मन्त्रीका लागि माओवादीमा विवाद भएपछि थापाले मुख्यमन्त्रीमा निर्धारित समयभन्दा एक घन्टा ढिलो शपथ ग्रहण गरेमा थिए।

माओवादीले मन्त्रीका लागि नाम सिफारिस नगर्नुका साथै शपथ ग्रहण कार्यक्रममा उपस्थित पनि नभएपछि मुख्यमन्त्री थापाले कांग्रेसले प्रदीपकुमार सुनुवार, नेकपा (एकीकृत समाजवादी) का कमलप्रसाद जबेगुलाई मन्त्री नियुक्त गरेका छन्। मन्त्रिपरिषद्को कार्य विभाजनपछि हुने जनाएको छ।

माओवादी केन्द्रका जीवन आचार्यलाई मन्त्री नियुक्त गरी शपथ ग्रहणको तयारीमा रहेका बेला माओवादीमा विवाद चर्केकोले शपथ ग्रहणमा उपस्थित नभएको एक प्रदेश सांसदले बताए। माओवादीका आचार्य प्रधानमन्त्री पुष्पकमल दाहालका कान्छा ज्वाइँ हुन्। यसअघि पनि एमालेका हिक्मतकुमार कार्की नेतृत्वको सरकारमा आचार्य पर्यटन, वन तथा वातावरणमन्त्री भएको भन्दै अन्य सांसदहरूले विरोध गरेमा थिए। माओवादीमा आचार्यलाई मन्त्री बनाउन नहुनेको संख्या बढी भएकाले विवाद भएको एक प्रदेश सांसदले बताए।

थापाले गठबन्धनमा रहेका प्रत्येक दलबाट एक-एक जना मन्त्री नियुक्त गरेर मन्त्रिमण्डल गठन गरी शपथ ग्रहण गर्ने तयारी गरेका थिए तर जनता समाजवादी पार्टीले पहिचान पक्षधरको माग सम्बोधन नभएसम्म सरकारमा सहभागी नहुने जनाएपछि दुई जना मन्त्रीसहित तीन सदस्यीय मन्त्रिमण्डल गठन गरेका छन्।

प्रदेश प्रमुख पर्शुराम खापुङले संवैधानिक व्यवस्थाविपरीत कांग्रेस नेता थापालाई मुख्यमन्त्री नियुक्त गरेको भन्दै चौतर्फी विरोधकाबीच शपथ ग्रहण गराइएको हो। संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा मुख्यमन्त्रीमा थापालाई प्रदेश प्रमुखले नियुक्त गरेका छन्। तर गठबन्धन दलले सभामुख बाबुराम गौतमलाई प्रदेशसभा सदस्यको हैसियतमा हस्ताक्षर गराएर सरकार गठनका लागि बहुमत पुऱ्याउनु संवैधानिक व्यवस्था विपरीत भएको भन्दै चोतर्फी आलोचना भइरहेको छ।

एमाले संसदीय दलले संवैधानिक व्यवस्था विपरीत प्रदेश प्रमुखले मुख्यमन्त्रीमा थापालाई नियुक्त गरेकोविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरेर कानुनी उपचार खोज्ने तयारी गरेको छ। ९३ सदस्यीय प्रदेशसभामा गठबन्धन दल कांग्रेसका २९, माओवादी केन्द्रका सभामुखबाहेक १२, नेकपा (एकीकृत समाजवादी)का ४, जनता समाजवादी पार्टीको एक र प्रदेशसभा सदस्यको हैसियतमा सभामुख बाबुराम गौतम गरी बहुमत ४७ प्रदेश सांसदको समर्थन रहेको भन्दै थापाको नेतृत्वमा सरकार गठनका लागि दाबी पेस गरेका थिए।

एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले एक मतको अभावमा विश्वासको मत नपाएपछि प्रदेश प्रमुख खापुङले आइतबार सरकार गठनका लागि दाबी पेस गर्न बिहीबार साँझ ५ बजेसम्मका लागि समय दिएका थिए।

# निष्पक्षतामा प्रश्न उठे राजिनामा दिन तयार छु : सभामुख गौतम

**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेशमा सभामुख बाबुराम गौतमले आफ्नो निष्पक्षतामा प्रश्न उठेमा नैतिकताको आधारमा राजीनामा दिन तयार रहेको बताएका छन्। तर आफ्नो निष्पक्षतामा प्रश्न उठाउनुपर्ने कुनै कारण नरहेको उनको जिकिर छ।

'प्रदेशसभामा गतिरोध उत्पन्न भएकाले यसलाई निकाश दिनका लागि मैले हस्ताक्षर गरेको हुँ। यद्यपि प्रदेशसभामा मेरो निष्पक्षतामाथि प्रश्न उठ्यो वा विरोध भयो भने नैतिकताको आधारमा मैले राजीनामा दिनुपर्ने हुन्छात्यस्तोअवस्थामा म राजीनामा दिन तयार छु,' सभामुख गौतमले भनेका छन्।



सभामुख गौतमले पहिले पनि सभामुखसहितको भूमिकाले नै सरकार निर्माण भएको भन्दै आफ्नो भूमिकाले निकास निस्किने बताएका थिए। कोशी प्रदेशमा दुबै गठबन्धनतर्फ सभामुखबाहेक ४६/४६ मत रहेकाले सरकार निर्माणमा जटिल अवस्था सिर्जना भएको छ।

संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बिहीबार उद्धव थापा मुख्यमन्त्रीमा नियुक्त भएका हुन्। तर सरकार गठनको प्रक्रियामा सभामुख बाबुराम गौतमले सत्ता गठबन्धन दललाई समर्थन दिँदै प्रदेससभा सदस्यको हैसियतमा हस्ताक्षर गर्दै थापाको पक्षमा बहुमत पुऱ्याएका थिए।

तर उनको यस भूमिकालाई लिएर आलोचना हुँदै आएको छ। एमाले संसदीय दलले संवैधानिक व्यवस्था विपरीत प्रदेश प्रमुखले मुख्यमन्त्रीमा थापालाई नियुक्त गरेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।

९३ सदस्यीय प्रदेशसभामा गठबन्धन दल कांग्रेसका २९, माओवादी केन्द्रका सभामुखबाहेक १२, नेकपा (एकीकृत समाजवादी) का ४, जनता समाजवादी पार्टीको एक र प्रदेशसभा सदस्यको हैसियतमा सभामुख बाबुराम गौतम गरी बहुमत ४७ प्रदेश सांसदको समर्थन रहेको भन्दै थापाको नेतृत्वमा सरकार गठनका लागि दावी पेस गरेका थिए।

एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले एक मतको अभावमा विश्वासको मत नपाएपछि प्रदेश प्रमुख खापुङ्ले आइतबार सरकार गठनका लागि दाबी पेस गर्न बिहीबार साँझ ५ बजेसम्मका लागि समय दिएका थिए।

## भोलि राति १२ बजे सम्म मात्रै भुक्तानी
# कानुन विपरीत कार्यालय बाहिरबाट चेक काटिदै

**ओम प्रकाश यादव**

गरुडा। प्रदेश र स्थानीय तहवाट चालु आर्थिक बर्षमा भएको कामको भुक्तानी आइतबार राति १२ बजे सम्म मात्र हुने भएको छ। अहिले सम्बन्धित निकायहरुका लेखा अधिकृतहरु चेक काट्नमा व्यस्त छन्। सरकारले अनलाइन भुक्तानी गर्ने प्रावधान ल्याएपछि अनलाइन चेक काटिने गरिएको छ। मुलुक भरका सवै पालिका र प्रदेशको भुक्तानी एउटै सर्भरबाट गरिने भएकाले दैनिक जसो सर्भर डाउन रहेको उनीहरु बताउँ छन्।

इन्जिनियरहरु अहिले मूल्यांकन, कागजात तयारी लगायतका काममा व्यस्त देखिएका छन् भने लेखा अधिकृतहरु धमाधम चेक काट्न व्यस्त छन्। उपभोक्ताहरुको दवावका कारण उनीहरु अहिले कार्यालयमा बस्न समेत छाडेका छन्। रौतहट लगायत मधेश प्रदेशका अधिकांश पालिकाका लेखापालहरुले नियम विपरीत कार्यालय बाहिरबाट धमाधम चेक काटिरहेको पाइएको छ।

कानुन अनुसार कुनै प्रकारको भुक्तानी दिनका लागि सम्बन्धित पालिकाको कार्यालयबाट नै चेक काटनुपर्ने प्रावधान छ तर अधिकांश पालिकाका लेखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु कानुनलाई लत्याउँदै कार्यालय भन्दा बाहिर गोप्य स्थानमा बसेर यतिखेर धमाधम चेक काट्ने काम गरिरहेको गुनासो बढेको छ।

प्रत्येक आर्थिक वर्षको असार मसान्तमा जिल्लाका अधिकांश पालिकाका लेखा प्रमुख र प्रशासकीय अधिकृतहरु कार्यालयमा विभिन्न होटल तथा गोप्य स्थानमा लुकेर अनाधिकृत रुपमा चेक काट्ने गरेका छन्। कार्यालयमा चेक काट्दा लेखा प्रमुख र प्रशासकीय अधिकृतहरुलाई उपभोक्ता समिति वा अन्य व्यक्तिसंग सोचे अनुसारको कमिसनका लागि बार्गेनिंग गर्न एवं कमिसन लिन अप्ठयारो हुनेगर्दछ तर कार्यालयभन्दा बाहिर गोप्य ठाउँमा लुकेर चेक काट्दा बार्गेनिङ्ग गर्न एवं कमिसन लिन सहज हुने भएकोले जिल्लाका अधिकांश पालिकाका लेखा प्रमुख र प्रशासकीय अधिकृतहरु कार्यालयभन्दा बाहिर लुकेर चेक काट्ने गरेका छन्।

clear tv
SIMTV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा
TV TODAY Janakpur

# केन्द्रीय कारागारमा १५ देखि २० प्रतिशत मानसिक रोगी

काठमाण्डु । केन्द्रीय कारागारमा रहेको केन्द्रीय कारागार अस्पतालमा मानसिक रोगीको सङ्ख्या बढ्दै गइरहेको पाइएको छ । कारागारमा कैदीबन्दीहरू त्यत्तिकै बस्दा मानसिक रोग बढ्दै गएको अस्पतालले जनाएको छ ।

कारागार अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा प्रकाश बुढाथोकीका अनुसार हृष्टपुष्ट कैदीबन्दीलाई सरकारले प्रयोग गर्न नसकेपछि कारागारमा मानसिक रोगी बढिरहेको बताउनुभयो । उहाँका अनुसार अस्पतालमा करिब १५ देखि २० प्रतिशत मानसिक रोगी कैदीबन्दी रहेका छन् ।

उहाँले अस्पतालमा सकभन्दा बढी मानसिक रोगी नै रहेको बताउनुहुन्छ । त्यसपछि मधुमेह, कोलस्ट्रोल, उच्च रक्तचापका बिरामीको साथै महिलाको पाठेघर खस्ने, पाठेघरमा सङ्क्रमणजस्ता पनि बिरामी कागारारमा रहेका छन् । यस्तै क्यान्सरका पनि बढ्दै गएको उहाँको भनाइ छ ।

अस्पतालमा मानसिक रोगी बढ्न थालेपछि दुई जना मानसिक रोग विशेषज्ञ र दुई परामर्शदातासमेत राखेको छ । अस्पतालले मानसिक वार्ड भनेर पनि छुट्याएको छ । "उनीहरूको काम केही छैन । फुर्सदमा सोचेर एक्लै बस्ने गर्दछन् । टोलाउने गर्छन् । जसले गर्दा उनीहरू विस्तारै मानसिक रोगी बन्दै छन्", उहाँले भन्नुभयो, "उनीहरू दोषी भएर वा कतिपय परिबन्द परेका पनि होलान् । आत्मज्ञानी भएर मेरो जिन्दगी गयो भनेर सोचेर बसेका रोगी बढेका छन् ।"

कारागारभित्र कैदीबन्दीलाई व्यवस्ता बनाउने काम नभएकाले रोगी बढेको उहाँको भनाइ छ । विभिन्न विकास निर्माणमा सरकारले बलिया, जवान, हृष्टपुष्ट कैदीलाई प्रयोग गर्न सके मानसिक रोगी नबढ्ने उहाँको भनाइ रहेको छ ।

उहाँ सरकारले कैदीबन्दीको रोग जन्माउनुभन्दा व्यस्त बनाएर काम लिनुपर्ने सुझाव दिनुहुन्छ । "सरकारले उनीहरूलाई यसै पनि सिधा, चामल, लगाउने कपडा सबै दिएकै छ । कैदीबन्दीलाई व्यस्त गराउन नसक्दा उनीहरूको रोग जन्माउने काम भइरहेको छ र त्यही जन्माएको रोगमा सरकारले करोडौँ खर्च गरिरहेको छ", उहाँले भन्नुभयो, "सबै खर्च व्यहोरेको सरकारले कैदीबन्दीलाई काममा लगाउनुपर्छ ।"

डा बुढाथोकी आफू आइसकेपछि कैदीबन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरेको बताउनुहुन्छ । कारागारमा रहेका नाइके र सहनाइकेमार्फत कैदीबन्दीलाई मनोपरामर्श गरिएको छ । अहिले मनोपरामर्श दिएपछि १५-२० जना एकान्तमा बस्नेहरू लुडो खेल्ने, साथीभाइसँग कुराकानी गर्नेजस्ता क्रियाकलाप गर्न थालेका छन् ।



सबै कैदीलाई निःशुल्क उपचार

कैदीबन्दीलाई उपचार लागि खुलेको केन्द्रीय कारागार अस्पतालले कैदीलाई राम्रो उपचार निःशुल्क प्रदान गरिरहेको अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डा बुढाथोकी बताउनुहुन्छ । उहाँका अनुसार कारागारमा रहेका सबै कैदीको सानादेखि ठूलो रोगका उपचार सरकारले गर्ने भएकाले सबै उपचार खर्च अस्पतालले नै व्यहोर्दै आएको छ ।

केन्द्रीय कारागार अस्पतालमा उपचार हुन नसकेपछि वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, गङ्गालाल अस्पताललगायत अस्पतालसँग सम्झौता गरेर कैदीबन्दीको उपचार सरकारले निःशुल्क गर्ने गरेको उहाँ बताउनुहुन्छ । अस्पतालमा अहिले कैदीबन्दीलाई सामान्य उपचार, मानसिक रोग विशेषज्ञ, छाला तथा यौनरोग विशेषज्ञ, दन्त चिकित्सक, आँखा विशेषज्ञ, महिला तथा प्रसूति रोग विशेषज्ञ सेवा तथा प्रयोगशाला, भिडियो एक्सरे, रेडियोलोजिष्ट सेवा पनि पाइरहेका छन् ।

अस्पतालमा सात विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृत आठ जनासहित ९० जना स्वास्थ्यकर्मीले कैदीबन्दीलाई उपचार गरिरहेका छन् । उहाँले आफू आइसकेपछि छाला तथा यौनरोग विशेषज्ञ, दन्त चिकित्सक, आँखा विशेषज्ञ, महिला तथा प्रसूति रोग विशेषज्ञ चिकित्सकलाई ल्याएको बताउनुहुन्छ । अस्पतालमा अहिले दैनिक दुई सय जनाको उपचार गर्न आउने गरेका छन् ।

उपलब्ध सेवा

अस्पतालमा अहिले कैदीबन्दीको सामान्य खालका शल्यक्रिया हुने गरेका छन् भने मुटुको भल्व परिवर्तन, मिर्गौला प्रत्यारोपणजस्ता सेवा भने अन्य अस्पतालमा लगेर कैदीको निःशुल्क उपचार गरिन्छ । अस्तपालले उपचार हुन नसकेका रोगको लागि बाहिरको सम्बन्धित जिल्ला अस्पतालसँग कारागार व्यवस्थापन पक्षले निःशुल्कमा उपचारका लागि सम्झौता गरेको छ । केन्द्रीय कारागार अस्पतालले २१ वटा अस्पतालसँग सम्झौता गरेको छ ।

"सामान्य किसिमका उपचार कारागारभित्र रहेको अस्पतालमा हुन्छ", उहाँले भन्नुभयो, "कैदीबन्दीलाई जटिल किसिमको रोग भयो भने उपचार हुने ठाउँमा सरुवा गरेर उपचार गरिन्छ । जटिल रोगको उपचार हामीले वीर, गङ्गालाल अस्तपाल, शिक्षण अस्पताल, टेकु अस्पतालमा गर्दछौँ ।"

देशभरिका कैदीलाई उपचारका लागि करिब रु १० करोड खर्च हुने उहाँ बताउनुहुन्छ । प्रत्येक कारागारमा वर्षमा रु १० लाख खर्च हुने गर्दछ । हाल देशका ७२ जिल्लामा ७४ कारागार छन् । केन्द्रीय कारागारमा उपचार गरेको मात्र रु ५० लाख खर्च हुने गरेको छ ।

केन्द्रीय कारागारमा उपचार नभएपछि वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, त्रिवि शिक्षण अस्पताललगायतका सम्झौता गरेका अस्पतालमा कैदीलाई उपचार गरेवापतको रकम तिर्ने गरेको उहाँ बताउनुहुन्छ । विसं १९७१ मा सदरजेल बने पनि २०२० बाट एउटा कोठमा स्वास्थ्यकर्मीबाट कैदीबन्दीको उपचार सेवा सुरु गरिएको थियो । यस्तै २०६८ सालमा कारागारका अस्पतालको भवन सुरु भएको र २०७० सालमा १५ शय्याको अस्पतालमा रूपमा कारागारमा अस्पताल सञ्चालन भयो । अहिले ३० शय्याको भवनमा अस्पतालले ४० शय्यासम्म सञ्चालन गरेर कैदीलाई निःशुल्क उपचार गरिरहेको प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा बुढाथोकी बताउनुहुन्छ ।

कारागारले अब ५० शय्याको भवन बनाउन तयारीमा भइरहेको जनाइएको छ । केन्द्रीय कारागार नुवाकोटमा सर्ने भनिए पनि कारागार अस्पताल भने अहिलेकै ठाउँ सुन्धारामा नै रहने उहाँको भनाइ छ । नुवाकोटमा एउटा अस्पतालको सानो युनिट रहेको छ । "नुवाकोटमा भएका कैदीबन्दीको उपचार गर्नका लागि दुई वा पाँच शय्याको अस्पताल नुवाकोटमा हुन्छ", उहाँले भन्नुभयो, "तर केन्द्रीय अस्पताल भने यही सुन्धारामा नै हुन्छ ।"

अस्पतालको सबैभन्दा ठूलो समस्या भौतिक पूर्वाधार रहेको छ । विशेषज्ञ चिकित्सक बस्ने कोठाको अभावले पालैपालो चिकित्सकले बिरामी हेर्ने गरेका छन् ।

सरुवा रोगको डर

अस्पतालमा सरुवा रोगको डर धेरै नै हुने गरेको छ । धेरै कैदीबन्दी भएकाले एक जनाबाट धेरैमा सर्ने रोग खतरा भएकाले डर हुने गरेको उहाँ बताउनुहुन्छ । केन्द्रीय सुधार गृहमा दुई हजार जना कैदीबन्दी, भद्र सुधारगृहमा एक हजार पाँच सय जना र महिला सुधारगृहमा पाँच सय जना कैदी रहेका छन् । "डेङ्गी, कोरोना भाइरसको महामारी आएपछि एउटा लागेपछि सबैलाई सङ्क्रमण सर्न सक्दछ", उहाँले भन्नुभयो, "त्यतिबेला हामीलाई बढी डर हुन्छ । सबै कैदी सँगै बस्ने सँगै खेल्ने गर्दछन् । अनि सरुवा रोग सर्छ भन्ने डर हुन्छ ।" डा बुढाथोकीले भर्खरैमात्र अस्पतालमा कैदीबन्दीलाई आकस्मिक सेवा र एम्बुलेन्स सेवा पनि सञ्चालन गरेको बताउनुहुन्छ ।

अस्पतालका सुधार गर्न कार्यदल

गृह मन्त्रालयअन्तर्गत रहेको अस्पतालमा समन्वयको अभाव रहेको छ । मन्त्रालयको मातहतको अस्पताल र स्वास्थ्यकर्मी स्वास्थ्य मन्त्रालयले पठाउने भएकाले समन्वयको अभाव रहेको उहाँ बताउनुहुन्छ । गृह र स्वास्थ्यकर्मीबीच अस्पताल सुधार गर्नका बैठक बसेको उहाँको भनाइ छ । "गृहसचिवको समय हुँदा स्वास्थ्य सचिवको नमिल्ने, स्वास्थ्य सचिवको मिल्दा गृहसचिवको नमिल्ने, बल्ल-बल्ल समय मिलाएर स्वास्थ्यका दुई सचिवलाई गृहसचिवसँग बैठक बसेर अस्पताल सुधारका कार्यक्रम लागू भइरहेका छन्", उहाँले भन्नुभयो ।

अस्पताल सुधारका लागि कारागार व्यवस्थापन विभागको महानिर्देशकको संयोजकत्वमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सदस्यसचिव र गृह तथा स्वास्थ्य मन्त्रालयको नीति तथा योजनाको प्रमुख रहनुभएको कार्यदल गठन गरिएको छ । अस्पतालमा हाडरोग विशेषज्ञ, प्रसूति रोग विशेषज्ञ र शल्यक्रिया कक्ष र सघन उपचारकक्ष (आइसीयू) सञ्चालन गर्ने योजना रहेको उहाँले सुनाउनुभयो ।

कैदीबन्दीको स्वास्थ्य बीमा

अस्पतालले विसं २०७९ चैत १ गतेदेखि कैदीबन्दीका लागि स्वास्थ्य बीमामा सूचीकृत गर्न थालेको छ । प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा बुढाथोकीका अनुसार यस वर्ष एक हजार सात सय कैदीबन्दीको स्वास्थ्य बीमा गरिएको छ । सबै कैदीबन्दीको बीमा गर्ने भनेता पनि कागजात र कानुनी प्रक्रियाका कारण हुनसकेको छैन ।

कानुनले नेपालीको मात्र बीमा गर्न पाउने व्यवस्था रहेकाले विदेशी कैदीबन्दीका पनि समस्या रहेको डा बुढाथोकी बताउनुहुन्छ । मन्त्रिपरिषदमा थुनुवा पुर्जीका आधारमा स्वास्थ्य बीमा गर्न सकिन व्यवस्था संशोधन गर्न पठाइएको र उक्त संशोधन भएपछि अदालतले जारी थुनुवा पुर्जीको आधारमा नागरिकतालगायतका अन्य कागजात नभए पनि पुर्जीको आधारमा बीमा गरिदिन सकिने अस्पतालले जनाएको छ । रासस

# मल अभाव छैन : कृषि सामग्री कम्पनी

रौतहट । रौतहटमा यस वर्ष रासायनिक मलको अभाव नहुने भएको छ । किसानको माग बमोजिम मलखादको व्यवस्था गरिएको कृषि सामग्री कम्पनी लिमिटेड चन्द्रपुर रौतहटले जनाएको छ ।

यसअघि बर्सेनि जिल्लामा रसायनिक मलको अभाव हुने गरेको थियो । लिमिटेडले अहिले किसानको आवश्यकताअनुसार मल वितरण गर्दै आएको छ । लिमिटेडले स्थानीय तहको सिफारिसअनुसार रसायनिक मल वितरण गर्दै आएको छ । प्रदेश सरकारले जिल्ला गत खेतीयोग्य जमिनका आधारमा निर्धारण गर्ने र सोही आधारअनुसार कृषि ज्ञान केन्द्रले स्थानीय तहलाई पत्र पठाउने गरेको छ । सोहि पत्रअनुसार स्थानीय तहले सहकारी संस्थालाई रासायनिक मलको कोटा निर्धाण गर्ने जनाइएको छ । जिल्लाका १८ स्थानीय तहबाट प्राप्त कोटा निर्धारणको पत्रअनुसार रासायनिक मल वितरण गरेको लिमिटेडले जनाएको छ ।

स्थानीय तहले कोटा निर्धारण गरे पनि मागअनुसारको मल नपाएको विन्दवासिनी कृषि सहकारी संस्थाका व्यवस्थापक जनार्दन कोइरालाले बताउनुभयो । उहाँका अनुसार चन्द्रपुर वडा नम्बर पाँचका लागि तीन हजार युरिया र डिएपी माग गरिएको हो । लिमिटेडबाट भने चार सय पाँच बोरा युरिया र दुई सय ५० बोरा डिएपी पाएको उहाँको भनाइ छ । डिलरले माग गरेअनुसारको रासयानिक मल पाउन नसकेको उहाँको गुनासो छ ।

लिमिटेडको चन्द्रनिगाहपुरमा एक सय ७४ डिलर छन् । एक सय ५० भन्दा बढीले रासायनिक मल लगिसकेको लिमिटेडका निमित्त प्रमुख गोपालप्रसाद घिमिरेले बताउनुभयो । हालसम्म ७३.१ सय मेट्रिकटन युरिया र ४८.९ सय मेट्रिकटन डिएपी मल बिक्री गरिसकिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ एक सय २० दशमलव सात सय ५० मेट्रिकटन युरिया र छ सय ६ दशमलव पाँच डिएपी र ४२ मेट्रिकटन कृषि चुन मौज्दात रहेको छ । कृषि सामग्रीको खरिद मूल्य प्रतिबोरा युरिया मलको आठ सय पाँच र डिएपीको दुई हजार दुई सय ५५ रुपैयाँ छ भने स्थानीय तहअनुसार बिक्री मूल्य निर्धारण हुने निमित्त कार्यालय प्रमुख घिमिरले जानकारी दिनुभयो ।

जिल्लामा ५३ हजार पाँच सय ४६ दशमलव ३८ हेक्टर खेतीयोग्य जमिन रहेको छ । रासायनिक मल वितरण निर्देशिका अनुसार स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्य समिति रहने गर्छ । सो समितिमा प्रमुख प्रशासकीय अधिकृत र सदस्य सचिवमा कृषि शाखा प्रमुख रहन्छन् । सो समितिले बिक्री मूल्य निर्धाण, डिलर सिफारिस, बाँडफाँट गर्ने, सुपरीवेक्षण र निरीक्षण र कारबाही गरी खारेजी गर्नसक्ने अधिकार र जिम्मेवारी दिइएको छ । रासस

# कोशीमा सरकार बनाउँदा सभामुखको हस्ताक्षर प्रयोग गरेपछि सर्वोच्च पुग्यो एमाले

**टुडे समाचारदाता**

विराटनगर । नेकपा एमाले कोशीका संसदीय दलका नेता एवम् निवर्तमान मुख्यमन्त्री हिक्मत कार्की कोशी प्रदेशको नवनिर्मित सरकार गठनको प्रक्रिया असंवैधानिक भएको भन्दै सर्वोच्च अदालत पुगेका छन् ।

प्रदेश सभा सभामुखको समेत हस्ताक्षर जोडेर बहुमत देखाई नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णय खारेज गर्न एमाले संसदीय दलका नेता कार्कीले सर्वोच्चमा रिट दायर गरेका हुन्।

कार्कीले संविधानको धारा १६८ (२) बाट निर्मित सरकार असंवैधानिक भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी धारा १६८ (३) अनुसार नयाँ सरकारको बाटो खोल्न परमादेश जारी गर्न माग गरेका छन् । सो उपधारा अनुसार प्रदेश सभामा रहेको सबभन्दा ठूलो दलको नेताको हैसियतमा आफूलाई मुख्यमन्त्री नियुक्त गर्ने परमादेश माग्दै कार्की सर्वोच्च पुगेका हुन्।

# प्रहरी सङ्गठन रुपान्तरणको उपयुक्त अवसर : महानिरीक्षक कुँवर

काठमाण्डु । प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले प्रहरी सङ्गठनको सुधार र रुपान्तरणका लागि अहिले उपयुक्त अवसर रहेको बताउनुभएको छ । शुक्रबार प्रहरी प्रधान कार्यालयमा पत्रकार भेटघाट आयोजना गर्दै उहाँले प्रहरी सङ्गठनलाई राजनीतिक नेतृत्वबाट राम्रो सहयोग प्राप्त भएको पनि स्पष्ट पार्नुभयो ।

उहाँले सङ्गठनको रुपान्तरण र विकासका लागि वातावरण राम्रो रहेको तर साधनश्रोतको कमी र राष्ट्रको ढुकुटी रित्तिएका बेला चुनौती भने धेरै रहेको बताउनुभयो । सामान्य नीतिगत निर्णय गरेर के गर्न सकिन्छ भन्ने कुरामा आफू गम्भीर रहेको उहाँको भनाइ छ ।

वर्तमान समयमा गृह मन्त्रालयको नेतृत्व आक्रामकरूपमा लागे पनि अन्य क्षेत्रबाट विविध सीमाका कारण पनि अपेक्षा पूरा हुन नसकेको उहाँले बताउनुभयो ।

साइबर अपराधको विषयमा पत्रकारको जिज्ञासामा महानिरीक्षक कुँवरले जिल्ला जिल्लाबाट साइबर अपराधको मुद्दा अघि बढाउने भन्ने सरकारको निर्णय रहेकाले त्यसमा चुनौती रहेको र त्यसका लागि आवश्यक मार्गदर्शन निर्माण गर्ने चरणमा रहेको जानकारी दिनुभयो । उहाँले आइटीसँग सम्बन्धित प्रहरीलाई तालिम दिलाएर आवश्यक प्रक्रिया अघि बढाउन लागिएको बताउनुभयो ।

उहाँलेप्रहरीसमायोजनकोविषय सरकारकोयोजनामैरहेकोरसरकारको निर्देशनबमोजिमगम्भीरतापूर्वकअघि बाढाउने बताउनुभयो । महानिरीक्षक कुँवरले सङ्गठनमा आफ्नो कुनै स्वार्थ नरहेको तर केही जिज्ञासा भएमा सिधा फोनबाट जानकारी लिन सकिने पनि बताउनुभयो । समाज सुधार तथा शुसासन कायम गर्नका लागि होस्टेमा हैँसे गर्न आफू तयार रहेको उहाँले प्रतिबद्धता जनाउनुभयो । रासस

# योगदर्शनको सामाजिक प्रभावबारे बहस

काठमाण्डु । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले ज्ञान, विज्ञान, दर्शनलगायत सबै विषयको मूल स्रोत समाज नै भएको बताउनुभएको छ ।

उहाँले पूर्वीय योगदर्शनलाई पश्चिमाले समेत व्यापक बनाइसकेकाले यसको व्यापक खोजअनुसन्धान गर्दै थप सामाजिकीकरण गर्नुपर्ने बताउनुभयो । प्रज्ञा-प्रतिष्ठान, सामाजिकशास्त्र विभागले डा टिपी धमलाद्वारा लिखित कार्यपत्र 'योगदर्शनको सामाजिक प्रभाव' विषयक विचार गोष्ठीको उद्घाटन गर्दै उहाँले सो विचार व्यक्त गर्नुभएको हो ।

प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदीले पूर्वीयदर्शनमा योगको सामाजिक प्रभावको व्यापकतालाई सुव्यवस्थित गर्नु सबैको दायित्व भएको बताउनुभयो । प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभाग प्रमुख डा कौशिला रिसालले योगको सैद्धान्तिक, सामाजिक र व्यावहारिक पक्षलाई आत्मसात् गर्दै स्वच्छ र स्वस्थ जीवनयापनका लागि योगदर्शनको शिक्षालाई व्यापक तुल्याउन सक्नुपर्नेमा जोड दिनुभयो । सदस्य धर्मेश पोखरेलले योगदर्शन र साधना आत्मिक चिन्तन भएको र यसको सामाजिक आयामका बारेमा व्यापक छलफल हुनुपर्ने बताउनुभयो ।



कार्यपत्र प्रस्तुत गर्दै डा धमलाले योगले चित्तका वृत्ति, मनका गुण, योगका बिघ्न, क्लेश आदिको समाधान गरी चेतना विज्ञानको कार्य गर्ने बताउनुभयो । "यसले अज्ञानता हटाई जीवनलाई दिव्य बनाउँछ, यी सम्पूर्ण पक्षको उपलब्धि हासिल गर्नका लागि योगको आवश्यकता पर्दछ, जसले स्वस्थ शारीरिक, स्वस्थ मानसिकता, आनन्दानुभूति मानव, महामानव र दिव्यमानव बनाउन सक्छ", उहाँले भन्नुभयो ।

कार्यपत्रको टिप्पणी गर्दै डा माधवप्रसाद उपाध्यायले योग साधना स्वास्थ्यवर्द्धधक, भौतिक उन्नति, आध्यात्मिक चेतना, सांस्कृतिकलगायत क्षेत्रमा व्यापक रहेको र यसको सामाजिकीकरणका बारेमा थप व्याख्या हुनुपर्नेमा जोड दिनुभयो । यसैगरी योगदर्शनको सामाजिक प्रभाव विषयक कार्यपत्र तथा विचार गोष्ठीका सहभागी सर्वराज आचार्यले नेपाल बहुसामाजिक, बहुभाषिक र बहुसांस्कृतिक देश भएकाले सामाजिक विभेद र असमानताका विषयलाई चित्रण गर्नुपर्नेमा जोड दिनुभयो ।

अर्का सहभागी प्राडा श्रीराम उपाध्यायले योग र ध्यानको बहुआयामिक र सामाजिक प्रभावलाई सबैले ध्यान दिनुपर्ने बताउनुभयो । यस्तै आनन्द गैह्रेले सहभागिताका क्रममा योगको सामाजिक र आध्यात्मिक तत्वबारे व्यापक खोजी हुनुपर्ने बताउनुभयो ।

यसैगरी अर्का सहभागी श्रीराम पाण्डेले योगका बारेमा विज्ञानले पुष्टि गरेका विषयवस्तुको अध्ययन अनिवार्य रहेको बताउनुभयो । समग्रमा योगदर्शनको सामाजिक प्रभाव र महत्वका विषयमा सो विचार गोष्ठी केन्द्रित रह्यो । योगदर्शनले सांस्कृतिक र जातीय विविधता, स्वास्थ्य, आर्थिक, राजनीतिक, वैज्ञानिक, वैदिक सनातन, सामाजिक समानता, असमानतालगायत विषयमा व्यापक प्रभाव पारेको चर्चा कार्यक्रममा गरिएको थियो । रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : पारिवाहिक सुख । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पोखरियाको बजेट ४५ करोड बढी

**लालबाबु बानिया**

पोखरिया । पर्साको पोखरिया नगरपालिकाले सातौ नगरसभाबाट आर्थिक वर्ष ०८०/८१ कोलागि ४५ करोड ६७ लाख ८० हजार बराबरको बजेट पारित गरिएको छ । पोखरिया नगरपालिकामा रहेको सभा हलमा भएको सातौ नगरसभाबाट बजेट पारित गरिएको छ।



पोखरिया नगरपालिकाको नगरप्रमुख प्रधुमन चौहानको अध्यक्षतामा सम्पन्न भाएको नगरसभालाई सम्बोधन गर्दै उनले काम गर्ने बेलामा बिभिन्न किसिम का बाधा अबरोध हुने गर्छ कतिपय जनप्रतिनिधिहरु असन्तुष्ट होलान तर सबै संग हाथोमालो गरेर जाने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने-'जनप्रतिनिधि र कर्मचारीहरुबीच समन्वय गरी अगाडि बढेकाले अहिले हामीहरु बिकास निर्माण लगायतको काम अगाडि बढाएको बताए ।

पहिला भन्दा करिब आधी बजेट घटेकोले उनले दुःख व्यक्त गरे । जिल्लाकै दोस्रो सदरमुकामको रूपमा रहेको पोखरियाको समग्र विकासकोलागि पार्टी प्रतिनिधिहरु लाई एकजुट भई अगाडि बढ्न उनले आग्रह गरे ।

# एसबीआईको वार्षिकोत्सव सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल एसबिआई बैंक लिमिटेडले विभिन्न कार्यक्रम गरी आफ्ना ३० औं बार्षिकोत्सव मनाएका छन् ।

यस अवसरमा बैंकले सपथ ग्रहण समारोहको आयोजना गरेको थियो । जहा बैंकका सबै कर्मचारीहरुले बैंकको विकासको लागी आफ्नो प्रतिबुद्धता व्यक्त गरे । कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार देले बैंकको उपलब्धिको बारेमा प्रकाश पारेका थिए ।

बैंकको दिगो प्रगति कायम राख्न व्यक्तिगत जिम्मेवारी लिनुपर्नेमा जोड दिए । त्यसैगरी बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलमले बैंकको उपलब्धिमा योगदान पुऱ्याएकोमा सबै कर्मचारीलाई यसरी नै निरन्तरता दिन आग्रह गरे ।

# पुष्कर सुनुवारलाई गोल्डेन हर्स विशेष सम्मान

**टुडे समाचारदाता**

काठमाण्डु । संगीतकार तथा संगीत संयोजक पुष्कर सुनुवार राजधानीमा हालै आयोजित 'फस्ट गोल्डेन हर्स इन्टरनेसनल अवार्ड २०२२' मा 'गोल्डेन हर्स विशेष सम्मान'बाट सम्मानित भएका छन् । गोल्डेन हर्स फिल्मस्ले आयोजना गरेको कार्यक्रममा उनलाई नेपाली फिल्मकी प्रथम नायिका भुवन चन्द, हाँस्य कलाकार वसुन्धरा भुषाल र नेपालको पहिलो रंगीन फिल्म 'कुमारी'की नायिका चैत्यदेवी सिंहले संयुक्त रुपमा सम्मान गरेका हुन् ।

सन् २००५ मा पहिलो एलबम "अन्तरा " अनि दोश्रो एलबम "तिमी सङ्ग "बाट सांगीतिक करियर सुरु गरेका पुष्कर गीत 'मायाले साह्रै रुवाउँदो रैछ'बाट चर्चामा आए । उनका गीतहरु 'नयनमा ग

गाजल', 'छुट्ने बेला भन्थिन', 'दिन अनि रातमा', 'झ्यान कुटी झ्यान कुटी', 'मैले सुने



तिम्रो खबर', 'उर्कुची मुर्कुची', 'टालाटुली बाटुली' , आखाको नानिमा ,लगायत गीत हिट छन् ।

पुष्करले ललितकला संगीत कलेजबाट संगीत अध्ययन गरेका छन् । उनले संगीत भरेका गीतहरुमा 'घाइते मुटुको व्यथा', 'आँशु रैछ जिन्दगी यो', 'बरु पत्थर पग्लिन सक्छ', 'साह्रै याद आउँछ', 'आउ कम्मर भाँच्नलाई', 'तिमी फूल बनेर', 'दोलखा चरिकोट'लगायत का धेरै गीत छन् ।

त्यस्तै एरेन्ज गरेका गीतमा ' मभन्दा नि धेरै राम्रो', 'सुनैको दरबार', 'माछी जालैमा', 'अम्रिका घुमौला', 'साह्रै याद आउँछ', ' एकान्त त्यो सुनी' र 'कालापानी' लगायत छन् । पुष्कर सुनुवार ले नेपाली चलचित्रमा पनि धेरै काम गरेका छन उनले एरेन्ज गरे गरेका चलचित्र बाजिगर , तीन घुम्ती , सरि ल, लै बरि लै लगायत धेरैमा फिल्म मा काम गरेका छन त्यस्तै उनले सङ्गीत भरेको अनि स्वर भरेको फिल्महरु मिसन यार्सा , मन त परदेशी,रेनि लगायतका छन !

उनले गाएका गीतमा 'मायाले साह्रै', 'चाहेर सजाउन सकिनँ', 'छुट्ने बेला भन्थिन', 'दिन अनि रातमा'लगायत छन् ।

# सहकारी संस्था जीतपुर सम्मानित

**रञ्जन यादब**

बारा । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफनो १९ औं बार्षिक साधारण सभाको अवसरमा बाराको जीतपुर स्थित जनकल्याण बहुउदेश्यीय सहकारी संस्थालाई सम्मान गरेको छ ।

महोत्तरीको बर्दिबासमा राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा जनकल्याण बहुउदेश्यीय सहकारी संस्था जीतपुरलाई सम्मान गरिएको संस्थाका उपाध्यक्ष गणेशजी प्रसाद साहले जानकारी दिए । आर्थिक बर्ष २०७८/०७९ मा शाखा कार्यालय



सिमरासँग सदस्य रही उत्कृष्ट कारोबार गरेका कारण नियमित कारोबार बिधामा जनकल्याण बहुउदेश्यीय सहकारी संस्था ,जितपुरलाई सम्मान गरिएको राष्ट्रिय सहकारी बैंकले जनाएको छ ।

मधेश प्रदेश सरकारका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादबले जनकल्याण बहुउदेश्यीय सहकारी संस्थाका उपाध्यक्ष साहलाई दोसल्लाह ओढाई प्रशंसा पत्रले सम्मान गरेका थिए ।

सम्मान ग्रहण कार्यक्रममा संस्थाका सचिव कपिल देव प्रसाद यादब ,कोषाध्यक्ष किरण प्रकाश गिरी ,सदस्य बिद्या महर्जन ,मुन्नी कुमारी पाठक ,प्रबन्धक सन्तोष प्रसाद यादब ,सह प्रबन्धक आत्माराम अधिकारीको सहभागिता रहेको थियो ।

# अध्यक्ष तिमिल्सिनासँग कतारका राजदूतको बिदाइ भेट

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग नेपालका लागि कतारका राजदूत युसुफबिन मोहम्मद अल-हेलले शुक्रबार बिदाइ भेट गर्नुभएको छ ।

राजदूत हेलले सिंहदरबार स्थित अध्यक्ष कार्यकक्षमा भएको बिदाइ भेटमा नेपाल र कतारबीच रोजगारी, व्यापार, लगानी, पर्यटनलगायतका क्षेत्रमा अझै फराकिलो र गहिरो द्विपक्षीय सम्बन्धको विकास हुँदै गएको विषयमा कुराकानी भएको थियो ।

अध्यक्ष तिमिल्सिनाले ठूलो सङ्ख्यामा नेपाली नागरिकलाई रोजगारीको अवसर प्रदान गरेकामा कतार सरकारको प्रशंसा गर्दै कतारको अर्थतन्त्रलाई पनि उकास्न नेपाली कामदारले गरेको योगदानप्रति सन्तुष्टि व्यक्त गर्नुभयो ।

उहाँले कतारमा कार्यरत नेपाली श्रमिकले रेमिट्यान्समार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान दिएको तथा यसले नेपाली जनताको जीवनस्तर उकास्न मद्दत गरेको र नेपाल वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन प्रतिबद्ध रहेको छ भन्नुभयो ।

अध्यक्ष तिमिल्सिनाले कतारलगायतका मुलुकको थप उन्नत बन्दै गएको श्रमबजारमा रोजगारी र उच्च आय सुनिश्चित गर्न नेपालले अर्धदक्ष र दक्ष श्रमिक पठाउने कार्यलाई उच्च प्राथमिकतामा राखेको पनि बताउनुभयो ।

उहाँले दुई देशबीचको सिधा हवाई सम्पर्कले मानिसको आवतजावतलाई सहज बनाएको छ र पर्यटन प्रवर्द्धनमा मद्दत गरेको उल्लेख गर्दै हाल नेपाल एयरलाइन्स, कतार एयरवेज र हिमालय एयरलाइन्स गरी तीन एयरलाइन्सले नेपाल र कतारबीच सिधा हवाई उडान गरिरहेका छन् भन्नुभयो ।

यस्तै नेपाल आगामी दिनमा दुई देश र जनताको पारस्परिक हितका लागि मित्रवत् सम्बन्धलाई थप सुदृढ पार्न द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय तहमा कतारसँग नजिकबाट काम गर्न तत्पर रहेको कुरा दोहोऱ्याउँछु भन्नुभयो ।

भेटमा राजदूत युसुफबिन मोहम्मद अल-हेलले नेपाली श्रमिकले कतारको विकासका लागि पुर्‍याएको योगदानको प्रसंशा गर्दै बढीभन्दा बढी सुविधा उपलब्ध गराउने विषयमा पनि गम्भीर रहेको बताउनुभयो ।

उहाँले पोखरालगायतका बिमानस्थलमा सिधा उडानका लागि कतारका एयरलायन्सहरूको चासो राखेर नेपाल सरकारका निकायमा पाँच-छ पटकसम्म पत्राचार गरे पनि नेपाली पक्षबाट कुनै प्रतिक्रिया पाउन नसकेको गुनासोसमेत गर्नुभयो ।

उहाँले नेपालले चासो राखेर अघि बढेमा पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि नियमित उडान गर्न कुनै समस्या नरहेको बताउनुभयो ।रासस

# सहिद नगर कमिटीका अध्यक्ष यादवद्धारा राजिनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका सहिद नगर कमिटीका अध्यक्ष सिंहेश्वर यादवले पार्टीका सम्पूर्ण जिम्मेवारीबाट सधारण सदस्य नरहने गरी राजिनामा दिएका छन् । उनले शुक्रबार एक विज्ञप्ति प्रकाशित गरी लामो जनसंघर्ष र वर्ग संघर्ष चलेर सामाजिक न्याय स्थापनाकालागि गठन भएको पार्टी बाटो विराएको भन्दै उनले राजिनामा दिएका छन् ।



उनले जारी गरेको विज्ञप्तिमा पार्टीका पुराना नेता कार्यकर्ताहरुलाई पार्टीले लत्याउँदै चोर, फटहा लगायतका हाली मुहाली विगत एक बर्ष देखि हावी भएको भन्दै त्यसमा सुधारकालागि पार्टी भित्रबाटै प्रयास गरेपनि सफल हुन नसकेको कारण पार्टीवाट राजिनामा दिएको उल्लेख गरेका छन् ।

सामाजिक जघन्य अपराध गरेका र भ्रष्टाचारका मुद्दा खेपी रहेका र पदवाट निलम्बित रहेका व्यक्तिहरुलाई फुलमाला लगाउने कृयाकलाप मार्कवाद संग मजाक गर्ने र साम्यवादकालाई अपमानित गर्ने आफ्नो बुझाई रहेको उनले बताएका छन् ।

# ब्युटिसियन तालिम सम्पन्न

**टुडे समाचारदाता**

पोखरिया । पर्साको पोखरिया नगरपालिका- ७ रानिगंजमा शुक्रबार १८ दिने ब्युटिसियन तालिम सम्पन्न भएको छ ।

पोखरिया नगरपालिकाको सहयोग तथा सीमाञ्चल बिकास एण्ड संचार समाज प्रा.ली. पोखरियाको आयोजनामा महिलाहरुको लागि सीप अभिबृद्धि हुने विश्वासका साथ १८ दिने तालिम दिइएको वडा नं ७ का वडा अध्यक्ष परमानन्द प्रसाद कुर्मीले जनाए ।



पोखरिया नगरपालिकाका नगर प्रमुख प्रदुमन प्रसाद चौहानको प्रमुख आतिथ्यमा भएको तालिममा बोल्दै प्रमुख अतिथि चौहानले भने महिला हरुलाई आत्मनिर्भर बनाउनको लागी सीपमूलक कार्यक्रम ल्याएर रोजगारी दिने सोच रहेको बताए ।

नगरपालिकाका महिलाहरु घर परिवार माथि आश्रित नभई आफूले सिकेको सीप सञ्चालन गरी आम्दानी मूलक बन्नेमा जोड दिए । आउने दिनमा पनि सीपमूलक कार्यक्रम योजनामा गरेर महिलाहरुलाई सहयोग गर्ने बताए ।

# एकल आमालाई 'बगान' नि:शुल्क देखाइने

काठमाण्डु । चलचित्र ' बगान' निर्माण समूहले एकल आमालाई निःशुल्करुपमा चलचित्र देखाइने घोषणा गरेको छ । एकल आमाको कथालाई प्रस्तुत गरिएको चलचित्रका निर्देशक सरोज खनालले विवरण खुल्ने कागजात देखाएर देशभर नै निःशुल्क चलचित्र हेर्न सकिने जानकारी दिनुभयो ।

"हामीले प्रतिनिधि आमालाई सम्मान गरेका हौं । उहाँहरूले समाजसँग लडेर सन्तानलाई सफल बनाउनु भएको योग्दानलाई चलचित्रमार्फतसमेत बुझाउदै छौं", निर्देशक खनालले भन्नुभयो, उहाँहरूले परिचय खुल्ने विवरण पेश गरेर देशभरका चलचित्र भवनमा निःशुल्क चलचित्र हेर्न पाउनु हुनेछ ।"

अभिनेत्री मानन्धरले उक्त सङ्घर्षलाई नजिकबाट महसुश गरेको बताउनुभयो । "मलाई एकल आमाले नै हुर्काउनुभयो । उहाँको सङ्घर्ष र दायित्वलाई बुझेकी छु । साचै तीभन्दा माहान योद्धा अन्य छैनन्", अभिनेत्री मानन्धरले भन्नुभयो ।

चलचित्र 'बगान'लाई सुरेश वाग्लेले निर्माण गर्नुभएको हो भने यसमा मिथिला शर्मा, नीर शाह, प्रमिला कार्कीलगायतले अभिनय गर्नुभएको छ ।रासस

# छानबिन नटुङ्गिंदै पुनःखुलाइयो घोराही सिमेन्टको आइपिओ

काठमाण्डु । फर्जी आवेदन परेपछि अनुसन्धानका लागि भन्दै रोकिएको घोराही सिमेन्ट इन्डष्ट्री लिमिटेडको प्राथमिक शेयर निष्कासन (आइपिओ) पुनःखुलेको छ । आइतबारसम्म आवेदन दिन सकिनेगरी आइपिओ पुनःखुलाइएको हो ।





हिमालयन क्यापिटल लिमिटेड र नबिल इन्भेष्टमेन्ट बैंक लिमिटेडको संयुक्त निष्कासन तथा बिक्री प्रबन्धकत्वमा गत जेठ ३२ गतेदेखि यो कम्पनीको आइपिओ खुलेको थियो । तर उक्त कम्पनीले विद्यमान कानुन विपरित क्रेटिङ रेटिङ गरेको र फर्जी आइपिओ परेको शङ्का लागेपछि अनुसन्धानका लागि भन्दै नेपाल धितोपत्र बोर्डले असार ४ गते आइपिओ निष्काशन प्रक्रिया रोकेको थियो । अनुसन्धान नटुङ्गिदै बोर्डले फेरि आइपिओ निष्कासनका लागि अनुमति दिएको हो ।

"धितोपत्र बोर्डको निर्देशानुसार शेयर खरिदका लागि आवेदन दिइसकेका आवेदकले सो आवेदनमा शेयर स‌ङ्ख्या थपघट गर्न वा आवेदन फिर्ता गर्न चाहेमा २०८० असार २२ गते शुक्रबारदेखि असार २४ गते आइतबार बैंकिङ समयभित्र आफ्नो सी-आस्वा सदस्य, बैंक तथा वित्तीय संस्थामा गई लिखित निवेदन दिन सकिनेछ र शेयर खरिदका लागिसमेत निवेदन दिन सकिनेछ", निष्काशन तथा बिक्री प्रधन्धक कम्पनीले जारी गरेको सूचनामा भनिएको छ ।

धितोपत्र बोर्डले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार घोराही सिमेन्टको आइपिओमा परेको फर्जी आवेदन र शङ्कास्पद क्रेडिट रेटिङको अनुसन्धान टुङ्गिसकेको छैन । आइपिओमा फर्जी आवेदन परेको विषयमा प्रारम्भिक अध्ययन सकिएको उल्लेख गरे पनि बोर्डले क्रेडिट रेटिङबारे कुनै कुरा खुलाएको छैन ।

"केही लगानीकर्ताले बैंक खातामा पर्याप्त मात्रामा रकम नहुँदा नहुँदै सर्वसाधारण लगानीकर्तालाई भ्रमित पार्ने उद्देश्यले अस्वभाविक रुपमा ठूलो कित्ता शेयर खरिद गर्न आवेदन दिएकोमा उक्त आवेदनहरु निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकको सञ्चालक र कर्मचारीहरुसँग कुनै सम्बन्ध नदेखिएको तर उल्लेखित आवेदकले सर्वसाधारणलाई भ्रमित पार्ने उद्देश्यले आवेदन गरेको देखिएकाले जालसाजी सम्बन्धमा नेपाल प्रहरी समक्ष थप छानबिनको लागि सिफारिस गर्ने निर्णय भएको छ", बोर्डको विज्ञप्तिमा भनिएको छ, "आस्वा सदस्य एनआइसी एसिया बैंक लिमिटेडले आवेदकको खातामा पर्याप्त रकम नभई आवेदन स्वीकृत गरेको खातामा पर्याप्त रकम नहुँदा नहुँदै कुन आधारमा आवेदनहरु स्वीकृत गरेको हो भन्ने सम्बन्धमा थप छानबिन गरी आवश्यक कारबाही अगाडि बढाइनेछ ।"

मागभन्दा बढी कित्ता शेयर खरिदको लागि आवेदन परेको अवस्थासमेतमा निष्काशन तथा बिक्री प्रबन्धकले समयावधि थप गर्न सूचना प्रकाशित गरेको विषयमा पनि थप छानबिन गरिने बोर्डले जनाएको छ । पहिले समय थपिएको विषयमा अनुसन्धान गर्ने बताइरहेको बोर्डले अहिले फेरी तीन दिनको समय आफैं थपिदिएको छ । यसअघि समय थप गरेको विषयमा छानबिन गर्ने निर्णय गरेको बोर्डले अहिले तीन दिनका लागि किन समय थप गरेर पुनः आइपिओ खुलाएको हो ? भन्ने प्रश्न अनुत्तरित छ ।

आइपीओमा आवेदन भर्नका लागि असार ४ गतेसम्मको समयसीमा तोकिएकोमा घोराही सिमेन्टले त्यसलाई बढाएर असार १४ गतेसम्म पुर्याएको थियो । मागभन्दा बढी आवेदन (ओभर सस्क्राइभ) भैसकेको अवस्थामा पनि आवेदनको भर्ने सीमा बढाएको बारे बोर्डले प्रश्न उठाएको थियो ।

त्यस्तै, धितोपत्र बोर्डले घोराही सिमेन्टको आइपिओ प्रक्रिया रोक्नुका पछाडि उक्त कम्पनीको क्रेडिट रेटिङ शङ्कास्पद देखिएको उल्लेख गरेको थियो । तर क्रेडिट रेटिङको अनुसन्धान बारे भने बोर्डले कुनै जानकारी सार्वजनिक गरेको छैन ।

"घोराही सिमेन्ट इन्डस्ट्री लिमिटेडलाई प्रदान गरेको इस्युअर रेटिङ, क्रेडिट रेटिङ नियमावली २०६८ को नियम ३४ को उपनियम-२ विपरित भए/नभएको बारेको केयर रेटिङ नेपाल लिमिटेडलाई तीन दिनभित्र स्पष्ट गरी पेश गर्न जेठ ३० मा पत्राचार भएकोमा केयर रेटिङ नेपाल लिमिटेडले हालसम्म जानकारी पेश नगरी कुनै आधार बिना म्याद थपको लागी अनुरोध गर्दै आएको छ", आइपिओ निष्काशन रोक्न निर्देशन दिँदै बोर्डले असार ४ गते काटेको पत्रमा भनिएको छ, "साथै उक्त कम्पनीको सार्वजनिक निस्कासनमा मागभन्दा बढी कित्ताको शेयर आवेदन प्राप्त भइसकेकोअवस्थासमेतमासार्वजनिक निष्कासनको समयावधि थप गर्न सूचना प्रकाशित गरेको देखिएको सन्दर्भमा सर्वसाधारण लगानीकर्ताको सुरक्षा तथा हित संरक्षणलाई मध्यनजर गर्दै उक्त कम्पनीको रेटिङ र सार्वजनिक निष्कासनसम्बन्धी कैफियतको जाँचबुझका लागि हाललाई घोराही सिमेन्ट इन्डस्ट्री लिमिटेडको सार्वजनीक निष्कासनको सम्पूर्ण प्रक्रिया स्थगन गरिएको छ ।"

क्रेडिट रेटिङ नियमावली २०६८ को नियम ३४ को उपनियम २ मा क्रेडिट रेटिङ संस्थाले आफ्नो मुख्य शेयरधनी कुनै कम्पनीमा आधारभूत शेयरधनी भएमा त्यस्तो कम्पनीको क्रेडिट रेटिङ हुन नपाउने व्यवस्था गरेको छ । घोराही सिमेन्ट र केयर रेटिङ नेपालको लगानीकर्ता एउटै व्यक्ति भएको विषयमा बोर्डले जानकारी मागेको थियो । रासस

# सिटिजन्स र युनिभर्सलबीच सम्झौता





**टुडे समाचारदाता**

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र युनिभर्सल डेन्टल हस्पीटल एण्ड ल्याब ट्रेनिङ इनस्टिच्युट बीच सम्झौता भएको छ । सिटिजन्स बैंकका कार्ड बाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहकहरुले युनिभर्सल डेन्टल हस्पीटल एण्ड ल्याब ट्रेनिङ इन्स्टिच्युटमा २० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुको साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिने जनाइएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना एक सय ८८ वटा शाखा, तीन वटा विस्तारित काउण्टर, १४३ वटा एटीएम, ६ वटा कियोस्क सेवा र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करिव १६ लाख ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'हमर दिलक आवाज'

(हमरो मन किछु कहैय)
सैदखन हमरा मनमे क्यौ आबैत रहैय!!
हमर नयनक पपनीपर ओ खेलैत रहैया!!

हमर धडकण भितर ओ डुबैत रहैया!!
हम जखन हराइछी!!
त ओ हमरा बोलाबैया!!

हम जखन होसमे नै रहैछी!
त ओ हमरा जगाबैया!
सैदखन हमरा मनमे क्यौ आबैत रहैया!!

हमर नयनक पपनीपर ओ खेलैत रहैया!!
हम जखन निन्दमे बाजैछी!!
त ओ सपनामे आबैया!!

हम नयन खोइलक देखैछी!
त ओ छातीमे सटल रहैया!
सैदखन हमरा मनमे क्यौ आबैत रहैया!!

हमर नयनक पपनीपर ओ खेलैत रहैया!!
हम जखन गीत गबैछी!!
त ओ संगीत बनिक आबैया!!
हम जखन बियर पिबैछी!

त ओ बोतलमे देखाइया!
सैदखन हमरा मनमे क्यौ आबैत रहैया!!
हमर नयनक पपनीपर ओ खेलैत रहैया!!



**लेखक:फुलगेन महरा**
**सिरहा न.पा.-७ (राज महिसोथा)**
**( सु.स.मो. या. ब क्याम्पस सिरहा )**

## उत्कृष्ट अंक

सुन! सबै छात्रा र छात्र।
सबै थोक हैन उत्कृष्ट अंक मात्र।।
राम्रो संस्कार र व्यहवार बनाऊ।
अहम र रिस खाल्डोमा खन्याउ।।
एउटा क्षेत्र छुट्दैमा जीवन खेर नफाल।
निराश र चिन्तित नभई,आफूलाई सम्हाल।।
के ठेकान, अर्कै क्षेत्रमा गरीहल्छौं कमाल।
जीवन, मौकाको मिष्टटान भरिएको हो थाल।
जीवन दुई दिनमै कुहीजाने हैन लौका।
तिम्रो पनि आउँछ , सुनहरा मौका।।
तिमी हान्छौ होला चौका र छक्का।
गर्छौं परिवर्तन, हुन्छौं नायक पक्का।।
उत्कृष्ट अंकका लागि जीवन मात्र हैन।
तिमीभन्दा उत्कृष्ट आरु कोही छैन।।
हरेश नखाऊ,अझै पसिना बगाउ।
तिमीमाथि नै आमा बुवाको आश।
तिमी त उनीहरूको हौ अत्ति खास।।
कुलतमा फसी नबन् जिउँदो लास।।
उत्कृष्ट अंकका लागि,
प्रिय, आमा - बुवा,
बच्चाको जीवनसँग नखेलिदिनु जुवा,
नब्बे प्रतिशत मात्र ल्याउनेले,
प्रसिद्धिमा नाचेका छैन,
एस र आरामको जीवन बाँचेका छैन।
उत्कृष्ट अंक नल्याउनेले पनि ठूलो सफलता पाएका छन्।
उत्कृष्ट नहुनेले पनि संसारमा ठूलो परिवर्तन ल्याएका छन।
उत्कृष्ट नहुनेले पनि संसारमा ठूलो परिवर्तन ल्याएका छन।।



**लेखक उपेन्द्र ठाकुर**

## मुक्तक

खाली बस्न सक्दिन मलाई काम चाहिन्छ
जति आाराम गरेपनि परम आराम चाहिन्छ
नदिए भने आफै केही समाती नै हाल्छु म
तिमीले जे दिए पनि मलाई राम चाहिन्छ।१।
अमृत पाउन कहि क्षीर सागर खोज्दैछु
उपरोक्त लागि उपयुक्त गागर खोज्दैछु
पाउन तेसलाई त प्रेम नै आवश्यक छ
तो सब त मभित्र छ तर बाहर खोज्दैछु।२।
मनुषत्व बेची मान्छे मान्छेमा पाप बढदै छ
मुखमा रामराम बगलमा छुरीको जाप बढदै छ
आजभोली जतातत्तै बिनाशको बादल लाग्याछ
हेर्नुस् त मान्छेको नशनशमा सन्ताप बढदै छ ।३।



**प्रमोद महतो**
**बसन्तपुर,सर्लाही**

## (मुक्तक) यथार्थ

यहाँ सबै तनको सुन्दरता हेर्छन्
न कोही मनको स्वच्छता हेर्छन् ।
सत्यप्रेम र सन्तुष्टि नै हुन् परम सुख
तर यहाँ सबै धनको सम्पन्नता हेर्छन् ।।
धर्म कर्मका नाममा सबै व्यापारी छन्
धन बल र ज्ञानको सबै अहंकारी छन् ।
कोही छैन मित्र यहाँ कोही छैन रक्षक
यहाँ सबै हिंसक - सत्रु - संहारी छन् ।।
यहाँ भित्री मनको कोही व्यथा बुझ्दैन
रोज्छन् सबै फूल कोही काँडा रोज्दैन ।
हेर्छन् सबै पुस्तकको बाहिरी स्वरूप
पल्टाइ पृष्ठ कोही पुर्ण कथा पढ्दैन ।।
मानव जीवन जस्तो अरु कनै नरक छैन
सोँचे जसो सरलै हिड्ने कुनै सडक छैन ।
सत्य प्रेमको भीख सबै कराएर माग्छन्
यहाँ प्रेमी र भीखारीमा कुनै फरक छैन ।।



**लेखक:- राम मण्डल**
**लक्ष्मीनियाँ गाऊँपालिका - १, सिनुरजोडा**

## महिनावारी भएको केटीको पिडा

गएर सोध आमालाई
कति कष्ट, कति दुख
गरेर जन्मायो तिमीलाई।।
म समाजमा घृणित हुन्छु पितृसत्तात्मक बिचारले ।
घरेलु हिंसाको सिकार भए आफ्नै परिवारले ।।
जहाँ सफा कपडा वा स्यानिटरी प्याडको आवश्यकता पर्छ ।
त्यहाँ बर्षौ पुराना प्रयोग बिहिन भुल्ला ,थाग्ना र साडीहरु प्रयोग गर्न दिइन्छ ।
जुन अवस्थामा तातो रस फलफूल खाएर आराम गर्नु पर्ने हो।
,त्यस बेला फलफूलका रुख छुन दिइदैन न त आगो ताप्न दियो।।
म पेट दुखेर छटपटाइ रहँदा जुन भगवानको नाम जप्थे ,त्यहि
भगवानलाई पुज्न मलाई अनुमति छैन।
संसार हाक्ने हिम्मत बोकेकि महिलालाई गर सम्मान
महिनावारी स्वच्छता सम्बन्धि हाम्रो पनि हो अभियान ।।
महिनावारी सम्बन्धि कुरा राख्न नदिदाँ
कतिपयले गुमाउँछन् आफ्नो जान ।
महिनावारी सम्बन्धि विधालयमा दिदैनन् ज्ञान।।
त्यसैले अन्तर्राष्ट्रिय जगतमा छैन यस सम्बन्धी कुनै पहिचान
यो सारा नेपालीको हो ठुलो अपमान
त्यसैले हामी नेपाली समुदाय छौ बदनाम।।
मैले खोजिरहे ति महिलालाई
जसले बढायो , नेपालको सान ।
सर्वोच्च शिखर सगरमाथा चढेर बनायौ सबै महिलाको पहिचान ।।
यौन तथा प्रजनन सम्बन्धी विषय आउँदा नहाँस्नु है तिमीहरु।
त्यहिँ यौन र प्रजनन् स्वास्थ्य भएर जन्मिन सकेका छौं तिमीहरु।।
कुनै महिला महिनावारी नभए ,कसरी चल्छ संसार।
हामी त महिनावारी हुन्छौ ,चलाउनको लागि संसार ।।
तिमीहरुकै लागि महिनावारी र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी
हाम्रो पनि पनि सरोकार।
हामी खोज्दै जाँदा संविधान मा पनि पाउँछौ,महिलाको अधिकार ।।
संविधानको धारा ३८ हो महिला को अधिकार।
तब पनि समाजमा हुन्छ महिलाको बलत्कार।।
देशको अर्थतन्त्र डुवाएर नेताले गरेछन् देशको बलत्कार ।।
महिलाको बलत्कार हुँदा मिडियाले पनि नोची नोची गर्छन् बलत्कार
अनि अधिकार्मीहरु अधिकार अधिकार गर्दै गर्दा पनि महिलाले
पाउदैनन् महिला अधिकार ।। जय महिला,जय नारी ।।



**नाम :- दिवेश कुमार महतो (कानुन अध्ययनरत विद्यार्थी)**
**ठेगाना:- मिथिला नगरपालिका-१**
**नक्टाझिज ,ढल्केबर,धनुषा।**

## 'गणपति' गीतमा बोल्ड वर्षासँग मुकुनको ठुम्का



काठमाण्डु । आगामी भदौ १४ गतेदेखि दुई फिल्म 'गणपति' र 'ऐँचो पैँचो' एकसाथ प्रदर्शनमा आउँदैछन् । रोचक कुरा के छ भने दुवै फिल्ममा अभिनेता मुकुन भुषाल मुख्य भूमिकामा छन् । र, यी दुवै फिल्मको टिमबीच प्रचार सामाग्री सार्वजनिक गर्न प्रतिस्पर्धा नै चलेको छ। शुक्रबार दिउँसो 'ऐँचो पैँचो'को टिजर रिलिज गरियो । साँझपख ' गणपति'को 'टुकी झ्याप' बोलको गीत सार्वजनिक गरिएको छ ।

काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको गीतमा निशान भट्टराई, अनिस अधिकारी र रचना रिमालको स्वर रहेको छ भने अनिस अधिकारीको शब्द रचना तथा कम्पोज छ । बाबुल गिरीले गीत एरेन्ज गरेका हुन् । गीतको भिडियोमा अभिनेत्री वर्षा सिवाकोटी बोल्ड अवतारमा नृत्य गर्दै प्रस्तुत छिन् । उनलाई मुकुन भुषालले साथ दिएका छन् । गीतको अडियो पक्ष बलियो छ ।

यही गीतको छायांकनको क्रममा बालाजुस्थित चलचित्र विकास संस्थानको ल्याबमा आगलागी भएको थियो। त्यसबाट निर्मातालाई लाखौं रुपैयाँ क्षति भएको छ । पछि नयाँ सेट तयार पारेर गीत खिचिएको थियो। वर्षा फिल्मको 'टुकी झ्याप' गीतमा मात्र छिन् । सविन अधिकारीद्वारा निर्देशित 'गणपति'ले आस्थाको रुपमा रहेका भगवान् र पृथ्वीमा उपस्थित मानिसबीचको फरक देखाउनेछ ।

फिल्ममा मुकुनका साथै मेनुका प्रधान, स्वर्गीय जयनन्द लामा, कविता न्यौपाने, सूर्यमाला खनाल, प्रकाश घिमिरे, राजाराम पौडेल, पुष्कर गुरुङ, अंशु मानन्धर, कालु राना, टीका भक्त जिरेल, देवेन्द्र बब्लु, शुशील पोखरेललगायतको पनि अभिनय छ । फिल्मको प्रस्तुतकर्तामा रामप्रसाद रिजाल छन् भने निर्मातामा लक्ष्मण रिजाल तथा कार्यकारी निर्मातामा विज्ञान केसी र अरविन्द्र गिरी छन् ।

## के थाहा ?

अचानोको पीर खुकुरीलाई के थाहा ?
झुपदीको पीर त्यो हुरीलाई के थाहा ?
आफन्ताको भीडमा पनि एक्लै भएजस्तो
बाआमाको माया टुहुरीलाई के थाहा ?
यता जाऊं उता जाऊँ व्यस्तताको जञ्जालमात्रै
फुर्सद भन्ने कस्तो हुन्छ आतुरीलाई के थाहा ?
मुटु घोच्ने तीर अनि शूलको डसाइ
मनाई छिया छिया पार्ने छुरीलाई के थाहा ?
पसिनाको कमाइमा बाँच्नु गौरव लाग्छ
दुःख भन्ने जाँगरिलो पाखुरीलाई के थाहा ?



**नाम:राजन कुमार महातो**
**घर:क्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८**

## संवादरहित 'ऐँचो पैँचो' टिजर : ब्याकग्राउन्ड म्यूजिक सशक्त

काठमाण्डु । निर्मात्री कृषा चौलागाईंले निर्देशनको सपना पूरा गरेको फिल्म 'ऐँचो पैँचो'को टिजर सार्वजनिक भएको छ । फिल्मले राजनीतिक र प्रेमकथाको विषयलाई उठान गरेको टिजरले बुझाउँछ। माला लगाएका मुकुन भुषाललाई उचालेको दृश्यबाट सुरु भएको टिजर स्वस्तिमा खड्काले आफैँलाई अनुहारमा रंग दलेको दृश्यबाट अन्त्य छ । संवादरहित टिजरमा ब्याकग्राउन्ड म्यूजिक सशक्त छ ।

आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा वर्षा राउत, सुशिल सिटौला, कोशिश क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायतको पनि अभिनय छ । टिजरमा यी सबै कलाकार प्रस्तुत छन् । कोशिश नेताको भूमिकामा रहेको टिजरले बुझाउँछ । केपी फिल्मस्को प्रस्तुति रहेको फिल्मका छायाँकार पुरुषोत्तम प्रधान हुन् ।

प्रितम लामिछाने र आध्या लामिछाने निर्माता र विशाल चौलागाईं सह-निर्माता रहेको फिल्ममा अभिमन्यु निरवीको कथा, कविराज गहतराजको कोरियोग्राफी, सुजिल कर्माचार्यको पार्श्व संगीत, सत्यम रानाको भी.एफ.एक्स, मुकेश शाहको साउण्ड डिजाइन, भोला सुवेदी (प्रनव) प्रोडक्सन कन्ट्रोलर, विनय राज पौडेलको मुख्य सहायक निर्देशन, विपिन मल्ल र भुपेन्द्र अधिकारीको सम्पादन छ ।

## सारुकको अन्त्येष्टि, बुबाले दिए दागबत्ती

काठमाण्डु । अभिनेता सारुक ताम्राकारको अन्त्येष्टि गरिएको छ । शुक्रबार दिउँसो पशुपति आर्यघाटमा उनको अन्त्येष्टि गरिएको हो । उनको पार्थिव शरीरमा पिता सानु ताम्राकारले दागबत्ती दिएका छन् ।

उनका सारुक एक मात्रै सन्तान थिए । अन्त्येष्टिभन्दा अघि सारुकको शवलाई अन्तिम श्रद्धाञ्जलीका लागि राखिएको थियो । उनलाई श्रद्धाञ्जली दिन नयाँ तथा पुराना दर्जनौं कलाकारहरु पुगेका थिए ।

बिहीबार साँझ रातोपुलस्थित निजी निवासमा सारुक झुण्डिएको अवस्थामा भेटिएका थिए । बुबा-आमा पार्टीमा गएको बेला उनले देहत्याग गरेका थिए। शुक्रबार त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा पोस्टमार्टमपछि उनको शवलाई अन्त्येष्टिका लागि आर्यघाट पुऱ्याइएको थियो । त्यहाँको माहोल स्तब्ध र भावविह्वल बनेको थियो। सारुकले आत्महत्या गरेको प्रहरीको प्रारम्भिक निष्कर्ष छ।

फिल्म 'रानी'बाट अभिनय करिअर सुरुवात गरेका सारुकले फिल्म 'मेरी मामु' र 'इन्टु मिन्टु लण्डनमा' पनि काम गरेका छन्। उनी बिहीबार दिउँसो फिल्म 'ह्यासट्याग माया'को छायांकन गरेर घर फर्किएका थिए । फोटोग्राफीका सौखिन उनले सर्ट फिल्म 'आशा', 'हाइड' र 'द रिक्सा कारपूल राइड'को निर्देशनका साथै फिल्म 'त्यान्द्रो'मा 'असिस्टेन्ट डाइक्टर'को रुपमा समेत काम गरेका थिए।

## सरकार

ए सरकार सुनन जनताका पुकार
देशमा कल कारखाना बन्द छन
युवा युवती भए छ बेरोजगार
गरन तिमी केही रोजगार
भष्ट भएछ सरकारी कार्यालयहरु
जनता भएछ लाचार
ए सरकार सुनन जनताका पुकार
किसानहरु लाई धन रोपन लाई
मल खाद्य छै तिमी ले गरन
कुनै जोगार
ए सरकार सुनन जनताका पुकार
शिक्षा स्वास्थ्यमा लापरवाही छन
गरीब जनता तनावमा छन
कहिले गर्ने ई सबका विचार
ए सरकार सुनन जनताका पुकार
पढ़े लेखेर पनि बेरोजगार छन जनता
दिन दिनै युवती विदेश हिन्छ
खाली हुदैछन गाउँ घर
बुढ़ा पाखा मात्र छ अब
ए सरकार सुनन जनताका गुहार



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## प्रेम

हाम्रो प्रेम त दुई मनको पिंजडा थियो पिंकी
ताल्चा हामिले नै लगाएका थियौ ।

चाबी त हामीसँग मात्र थियो
संग सगै खोल्ने वाचा गरे कै थियौ ।

तिम्रो हातको चाबी हरायौकी कसैले चोरीदियो कि पिंकी
की त नाट्यकर्मिको भूमिकामा थियौ ।

संसार पनि त एक नाटक घर नै हो पिंकी
अकस्मात किन खलनायकको भेषमा आईदियौ?

फलामका डण्डिभन्दा बलिया मेरा भावानालाई पिंकी
पिंजडाकै कसिङ्गर बनाईदियौ

तर थाहा छैन तिमीलाई पिंकी
मेरो जिवन अर्कै पिँजडा बनिदियो ।

म पनि त ब्याकुल बनेको छु नि पिंकी
समय र परिस्थितिले ताल्चा लगाईदियो ।

के शिशिर पछि बसन्त आऊदैन र
देख्ने आँखालाई नै अन्धो बनाईदियौ ।



**नाम:अंगद कुमार महतो**
**घर: क्षिरेश्वरनाथ नगरपालिका इच्छापुर-९**

## अनन्यता

सुन्दरता छ अनन्य,
मेरो मनको आकर्षण ।
तिम्रो हाँसो, तिम्रो हास्य,
मेरो मनमा बसेर रहन्छ सदैव स्मरण।
पर्वतीय शृंगमा हाँस्दै,
हिमालको च्यामेली हौसला दिन्छ ।
तिमीले जगाएको सपना छ,
सङ्गै चढी आउँछ विजयको दिन।
तिम्रो आँचल भरेर,
मैले जिन्दगीको रंग बदले ।
सम्झना आएन तिम्रो बिना,
तिमीलाई छोडेर कसरी चले?
तिमीलाई बसेर आएको छु,
आफूले जुन खोजेको छु ।
तिमीले त्यो चाहिँ दियो थियो,
अर्को दिन तिम्रो बिना मरेको छु।
यती सजिलो भेटिन्छौं म तिमीलाई,
तिमीले खोजेको छु म जिउँदै ।
अनन्यतामा मिलाएर,
माया गर्दै बिताएको छौं समय ।
विचारहरूमा छिपेको होइन,
तिम्रो आवाज बोलाउँछ मलाई ।
तिम्रो हर्ष र दुःख चाहिँ,
समयलाई संग मिलाउँछ मलाई ।
यति लामो छैन जिउँदै,
तिम्रो बिना जीवन ।
तिम्रो माया आएको पछि,
सबैले मलाई पहिलोचोट दिन्छन् ।
तापनी हानिरहनेहरूलाई,
म खोज्ने होइन अब अर्को ।
तिम्रो अनन्यता छ मेरो जीवनमा,
तिमीलाई छोड्ने आशाको रङ्ग लिएर।
अनन्यता यहाँ बस्दै छ,
तिमी र म एकै गोलमा ।
हात थामेर चल्ने यात्रा,
यो जिन्दगी अद्वितीय गर्दै।
अनन्यताको छायामा बसेर,
सपना आफ्नो पूरा गर्छौं मैले ।
तिम्रो हास्य, तिम्रो आँसु,
यो कविता लेख्दै जाँदा खुशी भई ।

**लेखक प्रभिक**

## गजल

नत वार बनायौ, नत पार बनायौ
नत गतिलो घरबार बनायौ!!
दुख्ने घाउ बनायौ
निको हुने दबाइ कहाँ बनायौ
कल्पनामै भएपनी सुन्दर दरबार बनायौ
न घरको न घाटको सुकुम्बासी झै बनायौ!!
एक्लै खुशी थिए ,एक रथका दुई पाङ्ग्रा बनायौ
भ्रममै भएपनी रमाउदै थिए दोधारमा बनायौ!!
न यता न उता पिडामा छिट्पिटाउने बनायौ
नदिमा मग्न खुसीमा रहेको माछालाइ झिकी पाखामा रमिता बनायौ!!
नत वार बनायौ, नत पार बनायौ
नत गतिलो घरबार बनायौ !!



**लेखक अंकित पाठक**

# सरकार ढल्दैन, हामीलाई जनताको पूर्ण समर्थन छ : प्रवक्ता शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले वर्तमान सरकारलाई जनताको पूर्ण समर्थन भएकाले सरकार ढल्ने कुनै सम्भावना नरहेको बताउनुभएको छ।

प्रेस सेन्टर नेपाल काठमाण्डु शाखाले शुक्रबार आयोजना गरेको अन्तर्क्रियामा नेपाल सरकारका प्रवक्ता शर्माले सरकारले राम्रो काम गरिरहेकाले सरकार ढल्ने औचित्य र आवश्यकता नभएको स्पष्ट गर्नुभयो।

"सरकारलाई जनताको पूर्ण समर्थन छ । भ्रष्टाचारविरुद्धका कदमका कारणले पनि जनताको मर्म बुझेर सरकार काम गरिरहेको अनुभूति भएको छ। सत्तागठबन्धन यो सरकारको पक्षमा कटिबद्ध छ र सरकार दृढतापूर्वक आफ्ना कदम चाल्दैछ", मन्त्री शर्माले भन्नुभयो, "बाहिर कहाँ के चलिरहेको छ, हामीलाई थाहा भएन । सरकार पीडितलाई न्याय दिन र पीडकलाई कारबाही गर्न पछि पर्ने छैन। राम्रो काम गर्दागर्दै सरकार ढल्छ भने पनि हामीलाई आपत्ति छैन।"

संसद्मा विपक्षी दलले असान्दर्भिकरूपमा विषयवस्तु उछालेर गतिरोध गरेकामा आपत्ति प्रकट गर्दै मन्त्री शर्माले सदनको गतिरोधका कारण मिटरब्याज पीडितलाई न्याय दिन ल्याइएको प्रतिस्थापन विधेयकजस्ता महत्वपूर्ण र संवेदनशील विषयलाई अघि बढाउन नपाइएको उहाँको भनाइ थियो । उहाँले सदनमा उठाइएका विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबार प्रतिनिधिसभाको बैठकमा आफ्ना कुरा राख्न समय माग्नुभएकाले त्यसपछि गतिरोध हट्ने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री शर्माले देश र जनतालाई साक्षी राखेर म देशका लागि केही गर्छु भनेर प्रधानमन्त्रीले भनिरहनुभएको छ, यस अवस्थामा सरकारलाई सहजताका साथ काम गर्न दिन संसद्ले सहयोग गर्नुपर्ने बताउनुभयो।

उहाँले सङ्घीय निजामती ऐन र सङ्घीय शिक्षा ऐनलाई अगाडि बढाउने प्रक्रियामा सरकार रहेको पनि अवगत गराउनुभयो। रासस

# ऊर्जा उद्यमीले उठाएका मागलाई सम्बोधन गरिनेछ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले ऊर्जा उद्यमीले उठाउँदै आएका माग सम्बोधन गर्न सरकारले अधिकतम प्रयास गर्ने जानकारी दिनुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)का पदाधिकारीसँगको भेटवार्तामा उहाँले बाढीपहिरोबाट क्षति भएका आयोजनालाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारकोतर्फबाट प्रयास गरिने बताउनुभयो।

प्रधानमन्त्रीले हालै सम्पन्न भारत भ्रमणका क्रममा भएका सहमति कार्यान्वयनका लागि आवश्यक तयारी र पहल भइरहेको जानकारी दिनुभयो । उहाँले त्यसका लागि आवश्यक पत्राचारसमेत भइरहेको र छिट्टै थप विषय स्पष्ट भएर जाने उल्लेख गर्नुभएको इपानका अध्यक्ष गणेश कार्कीले जानकारी दिनुभयो।

प्रधानमन्त्रीले ऊर्जा उद्यमीले उठाएका कतिपय नीतिगत तथा विषयगत विषयलाई सम्बोधन गरिने समेत विश्वास दिलाउनुभएको थियो । सो अवसरमा इपानले क्षतिग्रस्त आयोजनाको पुनःनिर्माणका लागि नेपाल राष्ट्र बैंकबाट पुनःकर्जा उपलब्ध गराउन, निर्माणाधीन आयोजनाको निर्माण पूरा गरी विद्युत् उत्पादन सुरु गर्नुपर्ने मिति दुई वर्ष थप गर्न, पुनःनिर्माणका लागि आवश्यक मेसिनरी एवं पाटपूर्जा आयातमा भन्सार तथा मूल्यअभिवृद्धि करमा छुट दिन, क्षतिग्रस्त आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्रको अवधि बढाएर ५० वर्ष कायम गर्न माग गरेको छ।

'सर्भेयर'को प्रारम्भिक विवरणका आधारमा बीमाबाट ५० प्रतिशत पेस्की दिनका लागि आवश्यक व्यवस्था गर्न तथा आयोजना पुनःनिर्माणको लागि लिने कर्जा २० वर्षसम्म पुनःतालिका गर्न माग गरेको इपान अध्यक्ष कार्कीले जानकारी दिनुभयो।

ऊर्जा उद्यमीले ऊर्जा दशक घोषणा गरी संसद्बाट पारित गरेर ऊर्जा विकासमैत्री वातावरण बनाउने, ऊर्जा क्षेत्रमा बैंकको लगानी १० वर्षमा २५ प्रतिशत बराबर पुऱ्याउने, नेपाल विद्युत् प्राधिरकणमा आवेदन दिएका आयोजनाको तत्काल विद्युत् खरिद सम्झौता गर्नुपर्नेलगायत माग राखेको छ।

बजेटमा उल्लेख भएअनुसार निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न नियमावली बनाई तत्काल कार्यान्वयन गर्ने, वन क्षेत्रको जग्गा प्रयोग र रुख कटानमा नियमावली बनाई तत्काल सहजीकरण गर्ने, विष्फोटक पदार्थको अभावलाई तकताल सहजीकरण गर्नुपर्ने र विद्युत् ऐन तत्काल पारित गर्न प्रधानमन्त्रीसमक्ष माग गरिएको अध्यक्ष कार्कीले जानकारी दिनुभयो।

**प्रधानमन्त्रीको निर्देशन : विपद्को समयमा प्रशासक होइन, सेवक बनौँ**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विपद्को समयमा कर्मचारीलाई प्रशासक नभई जनसेवक भएर काम गर्न निर्देशन दिनुभएको छ।

सिंहदरबारमा शुक्रबार आयोजित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को ११औँ बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले औपचारिक नेतृत्व वा प्रशासक नभएर जनताको सेवकका रूपमा आफूलाई स्थापित गर्न निर्देशन दिनुभएको हो।

"वर्षात्को समयपूर्व नै किन हामी उद्धार र राहतसम्बन्धी आवश्यक आधारभूत सामग्रीको बन्दोबस्त गर्दैनौँ ? यस्तो संवदेनशील विषयमा किन झन्झटिलो प्रशासनिक जञ्जाल बनाएर नागरिकलाई सास्ती दिइरहेका छौँ ?", उहाँले प्रश्न गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले राहत र पुनःस्थापनामा मानवीय भावनासहितको तदारूकता देखिनुपर्नेमा किन औपचारिक नेतृत्व र प्रशासक बनेर प्रस्तुत भइरहेको भन्दै प्रश्न समेत गर्नुभयो । उहाँले यी र यस्ता प्रश्नप्रति जिम्मेवार बनेर मात्र सही अर्थमा विपद् न्यूनीकरण र व्यवस्थापनको कामलाई प्रभावकारी बनाउन सक्ने धारणा राख्नुभयो । नेपालमा हरेक वर्ष प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुने गरेको यथार्थलाई आत्मसात् गर्दै विपद्पूर्वको नीतिगत र व्यवस्थाकीय तयारी, विपद्को समयमा शीघ्र उद्धार, प्रभावकारी राहत व्यवस्थापन र पुनःस्थापनाका कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्नु राज्यको आधारभूत जिम्मेवारी भएको प्रधानमन्त्रीको भनाइ छ।

**स्वास्थ्य सेवामा सरल र सहज पहुँचका लागि गम्भीर बनौँ : प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्वास्थ्य सेवाका लागि आवश्यकपर्ने जनशक्ति र स्वास्थ्य सेवा प्रवाहमा जनताको सरल र सहज पहुँचका लागि स्वास्थ्य क्षेत्रका प्रतिष्ठानले विशेष भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको छैटौँ सभा बैठकलाई शुक्रबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्रीले स्वास्थ्य सेवा र यस क्षेत्रमा आवश्यकपर्ने जनशक्तिको विकासका निम्ति प्रतिष्ठानको उत्पादन, सेवा र वितरण प्रणाली सरल, पूर्वाग्रहरहित, आम नागरिकको पहुँच पुग्ने स्तरको हुनुपर्ने बताउनुभएको हो।

सो अवसरमा प्रतिष्ठानका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री प्रचण्डले 'प्रतिष्ठानको रणनीतिक विकास र समावादोन्मुख स्वास्थ्यको लक्ष्य प्राप्तिका निम्ति यस सभाले महत्वपूर्ण योगदान गर्ने विश्वास लिँदै सोहीबमोजिम नीति, योजना, कार्यक्रम र कार्यान्वयनको प्रक्रियामा लाग्न' अपिलसमेत गर्नुभयो।

"विसं २०१३ मा सोल्जर बोर्ड अस्पतालका रूपमा स्थापना भएको यस अस्पताल निरन्तर क्षमता वृद्धि हुँदै पाँच सय शय्याको अस्पतालका साथसाथै चिकित्साशास्त्रमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानका रूपमा विकसित भएको प्रधानमन्त्रीले स्मरण गर्नुभयो।

सो प्रतिष्ठानबाट गण्डकी प्रदेशका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै सहज र सुलभरूपमा चिकित्सा शिक्षासमेतको अध्यापन हुनु आफैँमा गौरवको विषय भएको उहाँले बताउनुभयो । अध्ययन, अनुसन्धान र गुणस्तरीय स्वास्थ्य सेवाका क्षेत्रमा यस प्रतिष्ठानबाट थप योगदान पुग्ने प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री प्रचण्ड भन्नुभयो, "स्थापनाको छोटो अवधिमा प्रतिष्ठानले हासिल गरेको भौतिक एवं शैक्षिक उपलब्धिको जगमा टेकेर संस्थाको बृहत् हितका पक्षमा नेपालको संविधान, प्रचलित कानुन र प्रतिष्ठानका आफ्नै विधिविधानअनुरूप अगाडि बढ्दै देशकै अग्रणी स्वास्थ्य प्रतिष्ठानका रूपमा विकास एवं विस्तार भएको छ।" प्रधानमन्त्रीले सो कार्यका लागि यसमा सम्बद्ध सबैले गम्भीर मेहनत र पहलकदमी लिनेमा आफू आशावादी भएको बताउनुभयो। रासस

# सरकार निर्माणमा सभामुखको भूमिका तटस्थ हुनुपर्छ : नेता कोइराला



विराटनगर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले कोशी प्रदेश सरकार निर्माणमा सभामुखको भूमिका तटस्थ हुनुपर्ने बताउनुभएको छ।

विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सभामुखले सरकार निर्माणका क्रममा सदस्यको हैसियतले समर्थन गर्नु भोलिका दिनमा अप्ठ्यारो अवस्था सिर्जना हुनसक्ने आशङ्का व्यक्त गर्नुभयो।

नेता डा कोइरालाले सरकार निर्माणका क्रममा संसदीय व्यवस्थामा गणितको खेल हुने बताउँदै यस्ता उतार चढावलाई झेल्दै संसदीय परम्परा र संविधानमा भएका करारलाई टेकेर अगाडि बढ्दै जानुपर्नेमा जोड दिनुभयो।

उहाँले कांग्रेस लोकतान्त्रिक परिपाटी, ससंदीय अभ्यास र संविधानलाई टेकेर अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्ने पार्टी भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कोशी प्रदेश सरकार निर्माणका विषयमा प्रतिपक्ष दल नेकपा (एमाले) सर्वोच्च अदालत जान सक्ने कुरा छ, अदालतको निर्णय हामी सबैले स्वीकार गर्नुपर्छ।"

उहाँले दण्डहीनताको अन्त्य र भ्रष्टचार मुक्त समाजले मुलुकलाई समृद्धितर्फ डोऱ्याउने र लोकतन्त्रलाई बलियो बनाउने धारणा राख्नुभयो । एक प्रश्नको जवाफमा नेता डा कोइरालाले वर्तमान गठबन्धन सरकारलाई अगाडि बढाउनाका साथै बलियो बनाउनुपर्ने र अन्य गठजोडतर्फ सोच्न नहुने बताउनुभयो। रासस

# महिला श्रमिकलाई वैदेशिक रोजगारीका लागि अनुमति दिन श्रममन्त्रीको आग्रह



काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैधानिक र व्यवस्थितरूपमा महिलालाई वैदेशिक रोजगारमा जाने अनुमति खोलिदिन संसदीय समितिसँग आग्रह गर्नुभएको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको शुक्रबार बसेको बैठकमा समितिको यसअघिको निर्देशनमा महिलालाई वैदेशिक रोजगारमा जान रोक लगाइएको निर्णयमा पुनर्विचार गर्न सुझाव दिनुभयो।

मन्त्री भण्डारीले भन्नुभयो, "समितिबाट वैदेशिक रोजगारमा महिला कामदारका विषयमा ठोस् निर्णय र अवधारणा आओस् । अहिले पनि पर्यटक र विद्यार्थी भिसाका नाममा गैरकानुनीरूपमा हजारौँ महिला रोजगारीका लागि विदेश गइरहेको अवस्था छ, त्यसलाई रोक्न वैधानिक र व्यवस्थित गरी सरल र सहज बाटो बनाउन आवश्यक छ।"

अवैधानिकरूपमा जाने कामदारले वैदेशिक रोजगार र राज्यबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित हुने मात्र नभई कामदारको अवस्थाबारे जानकारी प्राप्त गर्न कठिनाइ हुने भएकाले त्यसलाई व्यवस्थित गर्न समितिको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो।

संयुक्त अरब इमिरेट्स (युएई), कुवेतलगात खाडीका मुलुकमा करिब २० हजारभन्दा बढी महिला श्रमिक रहेको सूचना प्राप्त भएको जनाउँदै उहाँले महिला कामदारलाई वैदेशिक रोजगारीमा जान सहजीकरण गरिदिनुपर्ने बताउनुभयो।

विगतमा वैदेशिक रोजगारमा गएका महिला श्रमिक घरेलु हिंसाको चपेटामा परेका धेरै घटना सार्वजनिक भएसँगै समितिले महिला श्रमिकलाई घरेलु कामदारमा पठाउन रोक लगाएको थियो।

बेलायतमा नेपाली नर्स पठाउनेसम्बन्धी छनोटलाई व्यवस्थित र प्रभावकारीरूपमा अघि बढाउने समझदारीको कार्यान्वयनको ढाँचा मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको जानकारी दिँदै उहाँले नेपालसँग दौत्य सम्बन्ध भएका मुलुकमा सीपयुक्त जनशक्तिलाई रोजगारीको अवसर खोज्दै जाने नीति लिइएको बताउनुभयो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले नेपाली नागरिकले वैदेशिक रोजगारीका क्रमममा शुक्रबार्रन गरेको सीप, प्रविधि, ज्ञान र पुँजीको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जनाका लागि पुनः एकीकरणसम्बन्धी निर्देशिका जारी भई कार्यान्वयनमा रहेको बताउनुभयो।

सरकारले आगामी आर्थिक वर्षमा दुई सय २० स्थानीय तहमा करिब १५ हजारलाई कार्यस्थलमा आधारित सीप विकास तथा जीवनोपयोगी तालिम प्रदान गर्ने नीति अघि सारेको छ।

यही असार २१ गतेसम्म वैदेशिक रोजगारीका लागि सात लाख ५१ हजार दुई सय ६३ जनालाई श्रम स्वीकृति प्रदान गरिएकामा त्यसमध्ये छ लाख ८२ हजार दुई सय छ पुरुष र ६९ हजार ५७ महिला छन्।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनः श्रम स्वीकृतिसम्बन्धी सेवा सहजीकरण सात सय ५३ स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। रासस

# कांग्रेस जिल्ला सभापतिहरुको दुई दिने बैठक सम्पन्न

काठमाण्डु। नेपाली कांग्रेस केन्द्रीय कार्यालयको आयोजनामा यही असार २१ गतेदेखि शुरु भएको पार्टीका जिल्ला सभापतिहरुको दुई दिने बैठक १४ बुँदे आन्तरिक प्रतिबद्धता पारित गर्दै शुक्रबार सम्पन्न भएको छ।

बैठकमा पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले प्राप्त सुझावलाई पार्टी तहमा छलफल गरी आवश्यकताअनुसार आगामी केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

बैठकमा जिल्ला सभापति योगेन्द्र पञ्जियार (धनुषा), रुपनारायण जवेगु (पाँचथर), दिनेश राई (धनकुटा), विष्णुकुमार राई (खोटाङ), किशोरदत्त बराल (कास्की), केदार भण्डारी (सुनसरी), राजेश्वर खनाल (चितवन), केशबहादुर विष्ट (सल्यान), नागेश्वर यादव (महोत्तरी), अरुणप्रकाश सिंह राठौर (वर्दिया) र रमेशकुमार महत (नुवाकोट)ले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो।

यसैगरी जिल्ला सभापति कारणवस अनुपस्थित रहेका जिल्लाका हकमा कावा सभापति झपेन्द्र गैरे (पाल्पा), उपसभापति बीरबहादुर विष्ट (बैतडी), जिल्ला सचिव बालदीप कँडेल (सुर्खेत), अजय लुइटेल (ओखलढुङ्गा), केशवराज मिश्र (कैलाली), गुप्तनिधि शर्मा (पर्वत), माधवप्रसाद ढकाल (काभ्रे), प्रतिनिधि मुकेश सिंह (बारा) र निर्मला खड्का (भोजपुर)ले आफ्नो विचार व्यक्त गर्नुभएको थियो। रासस

# कांग्रेसको नेतृत्वबाटै मुलुकमा लोकतन्त्र स्थापना भएको होः राणा



काठमाण्डु। नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा आरजु राणा देउवाले कांग्रेसले लिएको विचार र सिद्धान्तकै कारण मुलुकमा लोकतन्त्र स्थापना भएको बताउनुभएको छ।

कांग्रेसको भातृ सङ्गठन तरुण दलको केन्द्रय कार्यसमिति सदस्यहरूको प्रतिनिधिमण्डलसँग शुक्रबार भएको भेटमा उहाँले भन्नुभयो, "विगतमा नेपाली कांग्रेसले लिएको सिद्धान्तकै कारण शुक्रबार मुलुकमा लोकतन्त्र स्थापना भएको हो र लोकतान्त्रिक शासन व्यवस्थाका कारण नै देश विकासले गति लिएको हो।"

डा राणाले नेपालमा विसं २००७ सालको क्रान्तिदेखि विसं २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना र विसं २०६२/६३ को जनआन्दोलनको नेतृत्व एवं अगुवाई नै नेपाली कांग्रेसले गरेको स्मरण गर्दै पार्टीको यो गौरवशाली इतिहासलाई मनन् गरेर तरुण दलका कार्यकर्ताहरू लाग्नुपर्ने बताउनुभयो।

नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाका लागि विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवाले समय समयमा लड्नुभएको र जसका कारण नेपाली नागरिकले अहिलेको गणतान्त्रिक व्यवस्था प्राप्त गर्न सकेका पनि उल्लेख गर्नुभयो।

डा राणाले कांग्रेसका नेताहरूको योगदान र आदर्शको अनुशरण गरी लोकतन्त्र र विधिको शासनका लागि लाग्न नेपाल तरुण दलका समग्र सदस्यहरूलाई आग्रह पनि गर्नुभयो। कांग्रेस पार्टी र मुलुकको भविष्य नै तरुण दलमा आवद्ध देशका समग्र युवाहरूको हातमा रहेको भन्दै कांग्रेसका नेताहरूले देखाउनुभएको मार्गमा हिँड्न सबै तरुण सदस्यहरूलाई सुझाव पनि दिनुभयो।

प्रतिनिधिसभा सदस्य समेत रहनुभएका राणाले नेपाली कांग्रेससँग विकास र समृद्धिको स्पष्ट नीति रहेको र कांग्रेसले लिएकै नीतिबाट मुलुक विकासको गतिमा अघि बढेको पनि उहाँले बताउनुभयो।

नेपाल तरुण दलको अध्यक्ष विद्वान गुरुङको नेतृत्वमा नेपाल तरुण दलको केन्द्रीय समितिका सदस्यहरूले शुक्रबार डा देउवासँग अन्तरक्रिया गरेका थिए।

सो अवसरमा डा राणाले हालै सदस्य थप भएको तरुण दललाई चुस्त एवं सक्रिय बनाई अघि बढ्न अध्यक्ष गुरुङलाई आग्रह पनि गर्नुभएको थियो । रासस


मधेश प्रदेश सरकार

## गृह, सञ्चार तथा कानून मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## सिलवन्दी दरभाउपत्र रद्द गरिएको सूचना

सूचना प्रकाशन मितिः–२०८०/०३/२३

प्रस्तुत विषयमा विभिन्न मितिमा यस मन्त्राल द्वारा राष्ट्रिय दैनिक मार्फत प्रकाशित गरिएका तपसिलका सिलवन्दी दरभाउपत्रहरु यस मन्त्रालयको मिति २०८०/०३/२० (श्रीमान् सचिवस्तर) को निर्णयानुसार रद्द भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | IFB No./Notice No. | खरिद प्रक्रिया | रद्द हुने योजनाको नाम |
|---|---|---|---|
| १. | MOHACAL/SQ/ GOODS/2079-080/07 | सिलवन्दी दरभाउपत्र | Supply, Delivery and installation of CCTV in premises of Madhesh Bhawan, Janakpurdham |
| २. | - | क्याटलग सपिङ्ग विधि | Generator खरिद |

# राहुल गान्धीको पुनरावेदन खारेज

**बीबीसी**

अहमदावाद । गुजरात उच्च अदालतले शुक्रबार मोदी उपनाम मामिलामा कांग्रेस नेता र पूर्व सांसद राहुल गान्धीको याचिका खारेज गऱ्यो।



मोदी उपनाम मुद्दामा उनको टिप्पणीको लागि राहुल गान्धीलाई आपराधिक मानहानि अन्तर्गत दोषी ठहराइएको थियो र उनले यो निर्णय निलम्बन गर्न गुजरात उच्च अदालतमा अपील गरे। न्यायमूर्ति हेमन्त प्रचकको बेन्चको सुनुवाई पछि गुजरात उच्च अदालतले मे २ मा राहुल गान्धीको याचिकामा आफ्नो निर्णय सुरक्षित राख्यो।

मे २०१९ लोकसभा चुनावमा राहुल गान्धीले मोदी उपनामसँग सम्बन्धित विवादास्पद बयान दिएका थिए। ललित मोदी, नीरव मोदीलाई उद्धृत गर्दै राहुलले सबै चोरको उपनाम मोदी किन राखेको प्रश्न गरेका थिए । यस बयानपछि राहुलविरुद्ध आपराधिक मानहानीको मुद्दा दर्ता भएको थियो।

राहुल गान्धीले सिंगो मोदी समुदायको प्रतिष्ठामा चोट पुऱ्याएको आरोप लगाइएको थियो। गुजरातमा भाजपाका विधायक तथा पूर्वमन्त्री पूर्णेश मोदीले राहुलविरुद्ध आपराधिक मानहानीको मुद्दा दायर गरेका थिए ।

राहुल गान्धीले भनेका थिए कि उनले यो बयान गर्दा कुनै पनि समुदायको प्रतिष्ठामा चोट पुऱ्याउने उद्देश्य थिएन। उच्च अदालतको निर्णयपछि अखिल भारतीय कांग्रेस कमिटीका महासचिव केसी वेणुगोपालले गुजरात उच्च अदालतको फैसलालाई पार्टीले सर्वोच्च अदालतमा चुनौती दिने बताए ।

कांग्रेस महासचिव र पार्टीको सञ्चार विभागका इन्चार्ज जयराम रमेशले भनेका छन्, "राहुल गान्धीलाई सांसदको रूपमा अयोग्य ठहराउने विषयमा गुजरात उच्च न्यायालयको एकल बेन्चको निर्णय हाम्रो ध्यानमा आएको छ। माननीय न्यायाधिशको तर्क, जसरी हुनु पर्छ, अध्ययन भइरहेको छ । उच्च अदालतको फैसलाले यो विषयलाई अगाडि बढाउने हाम्रो संकल्पलाई दोब्बर बनाएको छ ।

**गुजरात उच्च अदालतले के भन्यो ?**

मार्च २०२३ मा सुरतको मुख्य न्यायिक मजिस्ट्रेटको अदालतले राहुल गान्धीलाई यस मामिलामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको थियो। यो सजायपछि राहुल गान्धीका सांसद पनि गए । यद्यपि राहुल गान्धीले सोही दिन जमानत पाएका थिए र ३० दिनभित्र उनी यस निर्णयविरुद्ध उच्च अदालत जान सक्नेछन् ।

घ अप्रिलमा राहुल गान्धी यस निर्णयको विरुद्ध सूरत सत्र अदालत गए, तर अप्रिल द्द मा, उनको याचिका यहाँ पनि खारेज भयो। तर, उनले सुरत सत्र अदालतबाट जमानत पाएका थिए । यदि राहुल गान्धीको सजाय रोकिएको भए उनको सांसद पुनर्स् थापित हुन सकिन्थ्यो। संसदको मनसुन अधिवेशन असार २० गतेबाट सुरु हुँदैछ । सर्वोच्च अदालतबाट तत्काल राहत नदिए उनी मनसुन अधिवेशनमा सहभागी हुन पाउने छैनन् ।

यदि सर्वोच्च अदालतले पनि राहुलको याचिका खारेज गरिदिए भने उनले अर्को वर्ष चुनाव लड्न पाउने छैनन् । गुजरात उच्च अदालतले शुक्रबार भने कि राहुल गान्धी विरुद्ध आठ अन्य आपराधिक मानहानि मुद्दाहरू दर्ता छन्। न्यायाधीश हेमन्त प्रचकले भने, 'यो मुद्दा पछि पनि अरु धेरै मुद्दा दर्ता छन् । सावरकरका नातिले राहुल गान्धीविरुद्ध पनि यस्तै मुद्दा दायर गरेका छन् ।

अदालतले भन्यो, "दोषीको फैसला निलम्बन गर्नु भनेको निवेदकलाई अन्याय गर्नु होइन। यहाँ कुनै तार्किक कारण छैन, जसको आधारमा दोषी ठहर गर्ने निर्णय निलम्बन गर्नुपर्छ। विश्वास पूर्ण रूपमा मान्य छ। भाजपाले गुजरात उच्च न्यायालयको निर्णयलाई तुरुन्तै स्वागत गरेको छ। बीजेपीका राष्ट्रिय प्रवक्ता शहजाद पूनावालाले ट्वीट गर्दै भने- सत्यमेव जयते । आफ्नो ट्विटमा पूनावालाले भनेका छन्, 'सेशन कोर्ट पछि अब हाई कोर्टले पनि राहुलको याचिका खारेज गरेको छ । राहुल गान्धीले लगातार कानुन उल्लंघन गरिरहेका छन् । उनले अहिलेसम्म ओबीसी समुदायसँग माफी मागेका छैनन्।

हाईकोर्टको फैसलामा कर्नाटकका उपमुख्यमन्त्री डीके शिवकुमारले सारा देश राहुल गान्धीको साथमा रहेको बताएका छन् । उनले भने कि बीजेपीले राहुल गान्धीलाई रोक्न चाहन्छ, उनी विरुद्ध धेरै मुद्दा दर्ता गरिएको छ। डीके शिवकुमारले भने कि राहुल गान्धी अझ बलियो रूपमा देखा पर्नेछ।

जनप्रतिनिधित्व ऐन, १९५१ अन्तर्गत सभासदलाई अयोग्य ठहराउनका लागि विभिन्न मापदण्डहरू छन् । उदाहरणका लागि, यदि कुनै पनि सदनका सांसदलाई छ वर्षभन्दा बढी कैद वा केही अन्य धाराहरू जस्तै धारा १५३ ए (धर्मको आधारमा विभिन्न समूहहरूबीच शत्रुता बढाउने अपराध इत्यादि) अन्तर्गत सजाय हुने अपराधमा दोषी ठहर भएमा। र निर्वाचन आयोजनाको विरुद्धमा काम गर्ने सद्भाव कायम राख्ने) वा धारा १७१ एफ (चुनावमा अनुचित प्रभाव पार्ने अपराध)।

जनप्रतिनिधित्व ऐन, १९५१ मा नतोकिएको कुनै कसूरमा दोषी ठहर भई दुई वर्षभन्दा बढी कैद सजाय भएको व्यक्ति सो दिनदेखि अयोग्य हुनेछ र रिहा भएको छ वर्षसम्म अयोग्य रहनेछ ।

# नेपाली राष्ट्रिय क्रिकेट टिम स्वदेश फिर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । जिम्बावेमा भएको आइसिसी विश्वकप छनोट खेलेर नेपाली राष्ट्रिय क्रिकेट टिम शुक्रबार स्वदेश फर्किएका छन् । प्रतियोगितामा नेपाल समूह चरणमा जिम्वाबे, वेस्टइन्डिज र नेदरल्यान्डसँग पराजित भएको थियो भने नेपालले अमेरिकालाई पराजित गरेको थियो ।



प्लेअफ खेलमा नेपालले युएईलाई हराएको थियो । नेपाल आयरल्यान्डसँग पराजित हुँदै आठौँ स्थानमा प्रतियोगिता टुङ्ग्याएको थियो । विश्वकप छनोटमा विभिन्न १० टोली सहभागी थिए । नेपाली टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

**टेस्ट टिमसँग नियमित खेल्न पाए उनीहरूलाई हराउन सक्छौं : रोहित**

नेपाली राष्ट्रिय क्रिकेट टिम जिम्बावेमा भएको आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिता खेलेर शुक्रबार स्वदेश आइपुगेको छ। प्रतियोगितामा १० टिम सहभागी भएकोमा नेपाल आठौं भएको थियो।

समूह चरणमा अमेरिकाबाहेक अरु तीन टिमसँग पराजित हुँदा नेपाल सुपरसिक्समा पुग्न असफल भएको थियो भने विश्वकपमा छनोट अभियानबाट बाहिरिएको थियो। नेपाललाई समूह चरणमा जिम्बावे, वेस्ट इन्डिज र नेदरल्यान्ड्सले पराजित गरेका थिए।

स्वदेश फर्किएपछि नेपालका कप्तान रोहितकुमार पौडेलले सोचेको जस्तो नतिजा नआएको बताए। 'सोचेको जस्तो नतिजा आएन। तर धेरै कुरा सिक्न पायौं। टेस्ट टिमसँग राम्रो प्रतिस्पर्धा थियो, तर सजिलो थिएन। टेस्ट टिमलाई जित्नका लागि सबै क्षेत्रमा (ब्याटिङ, बलिङ र फिल्डिङमा) राम्रो गर्नुपर्छ। हामीले हरेक खेलमा एक दुई क्षेत्र मिस गरेका थियौं,' कप्तान पौडेलले भने । टेस्ट टिमविरुद्ध खेल्नुअघि उत्साहित भएको उनको भनाइ छ।

'सुरुमा जिम्बावे र वेस्ट इन्डिजका बलरले कस्तो बलिङ गर्छन् भनेर हामीमा उत्सुकता थियो। बल फेस गर्दा केही फरक लागेन। स्किल उस्तै थियो। उनीहरुसँग बढी भनेको अनुभव थियो। टेस्ट टिमसँग रेगुलर खेल्न पायौ भने हामीले पनि उनीहरुलाई हराउन सक्छौं,' उनले भने, 'हाम्रो लागि आउने चार वर्ष महत्वपूर्ण छ। नेदरल्यान्ड्सहित अरु टिमहरुसँग एकदिवसीय खेल हुनेछ। टेस्ट टिमसँग खेल्न पायौं भने झन् एक्सपोजर हुन्छ।'

यहि महिनाको अन्त्यबाट श्रीलंकामा हुने एसिसी इमर्जिङ टिम्स एसिया कपमा राम्रो प्रदर्शन गर्ने उनको भनाइ थियो।

# हाइटीको राजनीतिक गतिरोध चाँडो अन्त्य हुनुपर्ने

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घ लागि चीनका स्थायी प्रतिनिधिले बिहीबार हाइटीको राजनीतिक गतिरोध शीघ्र समाधान गर्नुपर्नेमा जोड दिँदै त्यहाँका जनताले गरेका निर्णयहरूको पूर्ण सम्मान हुनुपर्ने बताउनुभएको छ ।

स्थायी प्रतिनिधि झाङ जुनले बिहीबार सुरक्षा परिषद्को बैठकमा हाइटीको बिग्रँदै गएको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै त्यहाँ वैध, प्रभावकारी र जिम्मेवार सरकार बिना सङ्कट समाधान नहुने बताउनुभयो । उहाँले कुनै पनि बाह्य प्रयासले समस्याको दिगो समाधान नहुने उल्लेख गर्दै हाइटीमा आधार भूत सुरक्षाको प्रत्याभूति अपरहार्य भएको बताउनुभयो । हिंसात्मक गतिविधि अविलम्ब अन्त्य गर्न उहाँले सम्बद्ध पक्षलाई आह्वान पनि गर्नुभयो ।

सामूहिक हिंसाको वृद्धिलाई रोक्न र सबैभन्दा आधारभूत सुरक्षा र सुरक्षाको ग्यारेन्टी गर्ने पूर्ण सुरक्षाको वातावरण सृजना गर्नु तथा आधारभूत मानवीय आवश्कताको आपूर्तिमा अवरोध हुन नहुने बताउँदै राजदूत झाङले राजनीतिक सङ्क्रमणको अन्त्यका निम्ति आवश्यक प्रक्रियालाई तत्काल अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

हतियारको तस्करी रोक्न तथा हाइटीका गिरोहहरूलाई तिनको पहुँचबाट विमुख बनाउन अन्तरराष्ट्रिय सुमदायले गम्भीर हुनुपर्नेमा चिनियाँ राजदूतले जोड दिनुभयो । कुनै पनि बाह्य सहयोग योजना हाइटी जनताको इच्छा र सहमतिमा आधारित हुनुपर्ने बताउनुभयो । हाइटीमा दीर्घकालीन शान्ति, स्थायित्व र दिगो विकास हासिल गर्ने अन्तरराष्ट्रिय समुदायको प्रयासमा चीनको साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# क्युवामा बिआरआईसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन

**सिन्ह्वा**

हवाना । चीनले प्रस्तावित बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) का पारस्परिक लाभबारे जानकारी दिने उद्देश्यले क्युवाको राजधानी हवानमा अन्तरराष्ट्रिय सम्मेलन आयोजना गरेको छ ।

बिआरआई पहलको दशौं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको उक्त सम्मेलनमा क्युवाका लागि चिनियाँ राजदूत मा हुईले बिआरआईले सभ्यताहरूबीच व्यावहारिक सहयोग र आपसी सिकाइलाई अझ सघन बनाएको बताउनुभयो ।

"चीनले आफ्नो स्थायित्व र विकासका साथै विश्व शान्ति र प्रगति प्रवर्द्धन गर्न सबै पक्षसँग काम गर्नेछ,"मानवजातिको साझा भविष्य निर्माणलाई बिआरआईले लक्ष्य बनाएको बताउँदै चिनियाँ राजदूतले भन्नुभयो । मानव समाजले सामना गरिरहेका वर्तमान चुनौतिहरूसँग विश्वव्यापी आर्थिक पुनरुत्थानको लागि लामो बाटोमा साथसाथै अघि बढ्न बिआरआईको अवधारणा अघि सारिएको उहाँले स्पष्ट गर्नुभयो ।

क्युवाका लागि इन्डोनेसियाका राजदूत नाना युलियानाले विगत पाँच वर्षमा इन्डोनेसिया र चीनबीचको व्यापार बढेको बताउनुभयो । बिआरआईले इन्डोनेसियाको सम्पर्क सञ्जाल विस्तार र पूर्वाधार विकासका निम्ति उत्कृष्ट अवसर प्रदान गरेको बताउनुभयो।

"बेल्ट एण्ड रोड इनिसिएटिभअन्तर्गतका चिनियाँ परियोजनाहरूले द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्ने, आर्थिक विकासलाई प्रवर्द्धन गर्ने र पूर्वाधार, व्यापार र ऊर्जा लगायतका विभिन्न क्षेत्रमा सहयोग बढाउन दुवै देशको प्रतिबद्धता देखाउँछन्," क्युबाका लागि इजिप्टका राजदूत माहेर एल-अदावीले भन्नुभयो ।

अडावीको कुरालाई प्रतिध्वनि गर्दै क्युबाका लागि पाकिस्तानी राजदूत शाहबाज मलिकले बीआरआईअन्तर्गत पाकिस्तान र चीनबीचको संयुक्त आयोजनाले ऊर्जा र यातायात क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरेको बताउनुभयो ।

सिल्क रोड इकोनोमिक बेल्ट र २१ औं शताब्दीको सामुद्रिक सिल्क रोड मिलेर बनेको बिआरआईलाई सन् २०१३ मा चीनले एशिया र बाँकी विश्वलाई जोड्ने व्यापार र पूर्वाधार सञ्जाल निर्माण गर्न अघि सारेको महत्वाकाङ्क्षी परियोजना हो । बिआरआई अवधारणा सार्वजनिक भएको एक दशकको अवधिमा विश्वका एक सय ५० भन्दा बढी देश र ३२ वटा अन्तरराष्ट्रिय संस्थाले बीआरआईसम्बन्धी दस्तावेजमा हस्ताक्षर गरेका छन् ।

# दीपेन्द्र र सन्दीपले एसिसी इमर्जिङ टिम्स एसिया कप नखेल्ने



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय टिमका अलराउन्डर दीपेन्द्रसिंह ऐरी र स्पिनर सन्दीप लामिछानेले एसिसी इमर्जिङ टिम्स एसिया कप नखेल्ने भएका हुन्।

दुवै जना क्यानडाको ग्लोबल टी-२० लिग खेल्न जाने भएका कारण श्रीलंकामा हुने एसिसी इमर्जिङ टिम्स कप गुमाउने भएका हुन्। जिम्बावेमा भएको आइसिसी एकदिवसीय विश्वकप छनोट खेलेर आज स्वदेश फर्किएपछि नेपाली टिमका कप्तान रोहित पौडेलले दुई खेलाडीले इमर्जिङ कप गुमाउने बताएका हुन्।

ग्लोबल टी-२० साउन ४ गतेदेखि सुरु हुँदैछ। लिगमा दीपेन्द्र मोन्ट्रेल टाइगर्स र सन्दीप सर्रे जागुअरमा आबद्ध छन्। असार २८ देखि श्रीलंकामा सुरू हुने एसिसी इमर्जिङ टिम्स एसिया कपमा एसियाका टेस्ट राष्ट्रसहित अरु टिमले युवा खेलाडी समेटेर 'ए' टिम बनाएको छ। अघिल्ला प्रतियोगितामा उनीहरुले यू-२३ टिम पठाउथे।

नेपालले पहिलो खेलमा पाकिस्तानको 'ए' टिमसँग प्रतिस्पर्धा गर्दैछ। नेपाल र पाकिस्तानबीचको खेल असार २९ मा हुनेछ। नेपालले दोस्रो खेल भातरको 'ए' टिमसँग साउन १ मा खेल्नेछ। यस्तै युएईको 'ए' टिमसँग नेपालको खेल साउन ३ मा हुनेछ।

दुई समूहका शीर्ष दुई टिम सेमिफाइनलमा पुग्नेछन्। प्रतियोगिताको फाइनल साउन ७ मा हुनेछ।

समूह ए - श्रीलंका ए, बंगलादेश ए, अफगानिस्तान ए, ओमान ए

समूह बी - पाकिस्तान ए, भारत ए, नेपाल, युएई ए

# चिनियाँ कम्पनीमाथि मानवाधिकार र वातावरणीय दुरुपयोगको आरोप

**एएफपी**

जकार्ता । विश्वका विभिन्न मुलुकमा नवीकरणीय ऊर्जा उद्योगमा प्रयोग हुने खनिजमा लगानी गरेका चिनियाँ कम्पनीहरूमाथि मानवअधिकार एवम् वातावरणीय दुरुपयोगको आरोप लागेको छ । विश्वका १८ देशका खनिज उद्योगमा लगानी गरेका चिनियाँ कम्पनीमाथि करिब दुई वर्षको अवधिमा एक सयभन्दा बढी मानवाधिकार र वातावरणीय दुरुपयोगको आरोप लागेको हो ।



अन्तरराष्ट्रिय गैरसरकारी संस्था व्यापार तथा मानव अधिकार संसाधन केन्द्रले बिहीबार जारी गरेको एक प्रतिवेदनअनुसार जनवरी २०२१ र डिसेम्बर २०२२ को बीचमा ती देशमा एक सय भन्दा बढी मानवअधिकार र वातावरणीय दुरुपयोग गरेको पाइएको छ ।

तामा, निकेल र कोबाल्टलगायत नवीकरणीय ऊर्जामा उपयोग हुने महत्वपूर्ण खनिजको उत्खनन र प्रशोधनमा प्रभुत्व जमाएका चिनियाँ कम्पनीले इन्डोनेसिया, पेरु र प्रजातान्त्रिक गणतन्त्र कङ्गोजस्ता स्रोतसाधन सम्पन्न देशमा मानवअधिकार र वातावरणीय दुरुपयोग गरेको आरोप प्रतिवेदनमा लगाइएको छ । केन्द्रमा चिनियाँ कम्पनीविरुद्ध एक सय दुई वटा मानवअधिकार उल्लङ्घन र वातावरणीय दुरुपयोगका उजुरी परेका तथा ती मध्ये एक चौथाईभन्दा बढी इन्डोनेसियामा भएका जनाइएको छ ।

"हाम्रो अध्ययनले खनिजको अन्वेषण, उत्खनन, प्रशोधन र निकासीका क्रममा मानव अधिकार र वातावरणीय दुरुपयोग भएको देखाएको छ," उक्त गैरसरकारी संस्थाका प्रवक्ताले चिनियाँ कम्पनीले इन्डोनेसियामा २७, पेरुमा १६, प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा १२, म्यानमारमा ११ र जिम्बाब्वेमा सात वटा उल्लङ्घन घटना अभिलेख गरिएको जनाउँदै भनेका छन् ।

इन्डोनेसियामा वातावरणीय क्षति र गरीब कामदारहरूको शोषण गरिएको आरोप छ । बिजुली ब्याट्री उत्पादन गर्ने कम्पनीहरूले प्रदूषण बढाएका तथा कामदारलाई न्यूनतम सुविधा नदिँदा मजदुर र लगानीकर्ताबीच तनाव बढाएको प्रतिवेदनमा उल्लेख छ । उत्खनन कम्पनीका कारण वातावरणीय नोक्सानी बढेको, खानीबाट उत्पन्न हानीकारक तत्वले स्थानीय समुदाय प्रभावित भएका, जल प्रदूषण बढ्नाले वन्यजन्तुमा असर पर्नाका साथै स्वच्छ पानीमा मानिसको पहुँच रोकिएको प्रतिवेदनमा भनिएको छ ।

उक्त संस्थाले चिनियाँ व्यवसाय र नियामकलाई मानवअधिकार र वातावरणीय दुरुपयोग हुन नदिन, कामदारलाई आधारभूत सुविधा उपलव्ध गराउन तथा वातावरणीय हानी कम गर्ने उपाय तत्काल अवलम्बन गर्न आह्वान गरेको छ ।

# बालुवाको ढिस्कोमा पुरिएर आठ बालबालिका

**एएनआई**

पाकिस्तान । पाकिस्तानको मार्तुङ खास शाङ्ला जिल्लामा बालुवाको ढिस्कोमा पुरिएर आठ जना बालबालिकाको मृत्यु भएको छ ।

क्रिकेट खेलिरहेका बालबालिकामाथि बालुवाको ढिस्को खस्दा उक्त हताहति भएको उद्धारकर्मीलाई उद्धृत गर्दै एआरवाई न्युजले जनाएको छ । एक जना बालकलाई जीवित उद्धार गरिएको तथा अन्य एक जनाको खोजी भइरहेको छ । दुर्घटनाका बेला १० जना बालबालिका क्रिकेट खेलिरहेका बताइएको छ । बुधबार बिहानैदेखि परेको अविरल वर्षाका कारण बलौटे ढिस्को खसेको हो ।

यसैबीच, गत मे महिनामा सिन्धको सङ्घार जिल्लाको अचरो थार क्षेत्रको एउटा घरमा आगलागी हुँदा चार बालबालिकाको मृत्यु भएको थियो । उक्त दुर्घटनामा एकै परिवारका दाजुभाइको ज्यान गएको थियोभने बाबु घाइते भएका थिए ।

# एसिसी इमर्जिङ टिम्स एसिया कपमा नेपालको पहिलो खेल पाकिस्तानसँग



**टुडे समाचारदाता**

काठमाण्डु । आगामी असार २८ देखि श्रीलंकामा सुरू हुने एसिसी इमर्जिङ टिम्स एसिया कपमा नेपालले पहिलो खेलमा पाकिस्तानको 'ए' टिमसँग प्रतिस्पर्धा गर्ने भएको छ । एसियाली क्रिकेट काउन्सिल (एसिसी) ले प्रकाशन गरेको खेल तालिकाअनुसार नेपाल र पाकिस्तानबीचको खेल असार २९ मा हुनेछ। नेपालले दोस्रो खेल भारतको 'ए' टिमसँग साउन १ मा खेल्नेछ। यस्तै युएईको 'ए' टिमसँग नेपालको खेल साउन ३ मा हुनेछ।

दुई समूहका शीर्ष दुई टिम सेमिफाइनलमा पुग्नेछन्। प्रतियोगिताको फाइनल साउन ७ मा हुनेछ।

समूह ए - श्रीलंका ए, बंगलादेश ए, अफगानिस्तान ए, ओमान ए

समूह बी - पाकिस्तान ए, भारत ए, नेपाल, युएई ए

# रोकिएन वर्षान्तको भुक्तानी, असारमा मात्रै सवा खर्बको चेक काटियो

काठमाण्डु । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत जेठ मसान्तसम्ममा सरकारको बजेट खर्च रु ११ खर्ब ७६ अर्ब बराबर थियो । असार तेस्रो हप्तासम्म आइपुग्दा यस्तो खर्च रू १३ खर्ब नाघेको छ । अर्थात् असारमा मात्रै सरकारले रू एक खर्ब २५ अर्ब सात करोड बजेट भुक्तानी दिएको छ ।

चालु आर्थिक वर्षका लागि रू १७ खर्ब ८३ अर्ब ७३ करोड ६३ लाख बराबरको बजेट ल्याइएकोमा आर्थिक वर्ष सकिन एक हप्ता मात्रै बाँकी रहँदा खर्चको आकार रू १३ खर्बमात्रै देखिनु आफैमा समस्या हो । त्यसमाथि, समयमा विकास खर्च गर्न नसक्ने र आर्थिक वर्षको अन्त्यमा हतारमा ठूलो रकम भुक्तानी दिने खराब परिपाटीले यसवर्ष पनि निरन्तरता पाएको छ ।

वर्षान्तको भुक्तानीले विकास निर्माणको गुणस्तरमा सम्झौता हुने र आर्थिक अनुशासनमा गम्भीर उल्लङ्घन भइरहेको विषय महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउँदै आएको छ । वार्षिक विनियोजनको ठूलो अंश असारमा भुक्तानी हुने प्रवृत्तिलाई रोक्नुपर्ने सुझाव पनि महालेखाले आफ्नो प्रतिवेदनमा हरेक वर्ष सरकारलाई दिँदै आएको छ । महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गर्ने दैनिक बजेटरी तुलनात्मक विश्लेषणअनुसार अहिले पुँजीगत खर्च दैनिक एक प्रतिशत बिन्दुले बढिरहेको छ । गत आइतबार असार १७ गते पुँजीगत खर्च वार्षिक लक्ष्यको ४४ दशमलव ३४ प्रतिशत बराबर थियो । बिहीबारसम्म आइपुग्दा उक्त खर्च ४७ दशमलव ४४ प्रतिशत बराबर पुगेको छ। जेठ मसान्तसम्ममा ४० प्रतिशत रहेको पुँजीगत खर्चको भुक्तानी असारमा बढेपछि तीन हप्तामा करिब सात प्रतिशत बिन्दुले बढेको छ ।

पछिल्ला दिनमा लेखाङ्कन र भुक्तानीसँग सम्बन्धित विद्युतीय प्रणालीमा अत्यधिक चाप देखिन थालेको र यसले समग्र प्रणालीमा नै समस्या देखिएको भन्दै केही जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय (प्रलेनिका)ले गुनासोसमेत गरेका छन् ।

बजेट भुक्तानी माग गरिएका प्रवृष्टि धेरै हुँदा कोलेनिका र प्रलेनिकाका विद्युतीय प्रणालीमा समस्या देखिन थालेको हो । एकैपटक धेरै माग भएपछि भार परेकाले प्रणाली कार्यसम्पादन गर्न नसक्ने अवस्थामा पुगेका छन् । भुक्तानी चाप बढी हुँदा र केही अन्य प्राविधिक कारणले समस्या देखिएको महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता शम्भुप्रसाद मरासिनीको भनाइ छ ।

"चाप बढी हुँदा कतै सर्भर ढिलो चलेको भन्ने सुन्नमा आएको छ । तर भुक्तानी नै रोखिएको भन्ने जानकारी आएको छैन", उहाँले भन्नुभयो, "एकातिर अहिले भुक्तानी चाप बढी छ भने वर्षात्को समय भएकाले इन्टरनेट पहुँच बिच्छेद भएका समस्या पनि सुनिएका छन् ।"

भुक्तानी भइरहेको बजेट रकम जेठको तुलनामा असारमा बढी देखिएको उहाँको भनाइ छ । त्यस्तै, असार २४ गतेपछि सम्पूर्ण भुक्तानी प्रणाली बन्द हुने भएकाले भोलि शनिबार पनि भुक्तानी गर्ने व्यवस्था मिलाइएको मरासिनीले जानकारी दिनुभयो ।

पूर्वकार्यबाहक महालेखा परीक्षक शुकदेव भट्टराई खत्री विद्यमान कानुनी व्यवस्थाको पालना हुन नसक्नु, अर्थ मन्त्रालयले निगरानीको भूमिका बहन गर्न नसक्नु, बजेटमा चर्को राजनीतिक



हस्तक्षेप हुनु, विषयगत मन्त्रालयका सचिव तथा विभागका महानिर्देशकलाई जिम्मेवार बनाउन नसक्नु तथा कर्मचारीको चाँडो-चाँडो सरुवा हुनुलाई आर्थिक वर्षको अन्त्यमा खर्च बढ्नुको मुख्य कारण रहेको बताउनुहुन्छ ।

"बजेट ल्याउँदा ठूलो रकम अबन्डा (अर्थ विविध शीर्षकमा छुट्याउने रकम) राखिन्छ । यस्तो बजेट सरकारमा पहुँच हुनेले लैजान्छन् । अनावश्यक र नियम मिचेर गरिने रकमान्तर अर्को समस्या हो", उहाँले भन्नुभयो, "अर्थ मन्त्रालयले गरेको काम कारबाहीबाटै विकृति शुरु हुन्छ। हाम्रो प्रणाली नै त्यसरी आयो ।"

आर्थिक वर्षको अन्त्यमा हतार-हतार गरिने भुक्तानीमा त्यहाँ केही अनियमिता र बदमासी छ भन्ने रूपमा बुझ्नुपर्ने भट्टराईको भनाइ छ । त्यस्तै, कतिपय आयोजनामा ठेकेदारले भुक्तानी नपाएर आर्थिक वर्षको अन्त्यमा मात्रै भुक्तानी दिनुपर्ने अवस्था रहेको र वैदेशिक सहायताको रकमलाई बजेट स्रोत देखाएका आयोजनामा शोधभर्ना गर्न ढिलाई गर्दा पनि वर्षान्तको खर्च बढी देखिने उहाँको भनाइ छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको पालनामा सरकार र मातहतका निकाय चुकेको पनि भट्टराइको बुझाइ छ। "आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीले आर्थिक वर्षको अन्तिम हप्ता बजेट भुक्तानी नदिनु भन्छ, तर भुक्तानी भइरहेको छ । त्यस्तै, असारमा रकमान्तर स्रोतान्तर नगर्नु भनेकोमा भइरहेको छ", उहाँले भन्नुभयो, "आर्थिक अनुशासन पालना नहुँदा सम्बन्धित लेखा उत्तरदायी अधिकारी जिम्मेवार हुनुपर्ने भनेकोमा राजनीतिक हस्तक्षेपले कर्मचारी चाडै सरुवा भएर अर्कोतिर पुगिसकेका हुन्छन् ।"

**दोस्रोपटकको संशोधित लक्ष्यसमेत नपुग्ने संकेत**

गत माघमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् सरकारले चालु आर्थिक वर्षको बजेट खर्चको अनुमान संशोधन गरेको थियो । त्यस्तै, गत जेठ १५ गते आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दै सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेट खर्चको लक्ष्य दोस्रोपटक घटाएको थियो ।

दोस्रोपटक संशोधित अनुमानअनुसार चालु आर्थिक वर्षमा सरकारले रू १५ खर्ब चार अर्ब ९९ करोड अर्थात् शुरुवाती विनियोजनको ८३ दशमलव ९० प्रतिशत मात्रै बजेट खर्च गर्ने लक्ष्य राखेको छ । तर असार २१ गतेसम्ममा सरकारको कुल बजेट खर्च शुरुवाती लक्ष्यको ७२ दशमलव ५३ प्रतिशत अर्थात् रू १३ खर्ब १ अर्ब १३ अर्ब ८८ करोड बराबर छ ।

हालसम्मको खर्च शुरुवाती लक्ष्यभन्दा रू चार खर्ब ९२ अर्ब ६९ करोडले न्यून हो भने दोस्रो पटकको संशोधित लक्ष्यभन्दा रू दुई खर्ब तीन अर्ब ८५ करोडले न्यून हो । अर्थात् सरकारले दोस्रोपटक संशोधन गरेर तय गरेको लक्ष्य भेटाउन असार २२ गतेपछिका एक हप्ता अवधिमा रू दुई खर्बभन्दा बढी बजेट खर्च गर्नुपर्ने देखिन्छ ।

दोस्रोपटकको संशोधित अनुमानअनुसार चालु खर्च १० खर्ब ४३ अर्ब ४९ करोड अर्थात् शुरुवाती विनियोजनको ८८ दशमलव १८ प्रतिशत, पुँजीगत खर्च रू दुई खर्ब ५८ अर्ब ३४ करोड अर्थात् शुरुवाती विनियोजनको ६७ दशमलव ९१ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रू दुई खर्ब तीन अर्ब २६ करोड अर्थात् शुरुवाती विनियोजनको ८८ दशमव २९ प्रतिशत खर्च हुने लक्ष्य राखिएको छ । यो लक्ष्य भेटाउन सरकारले एक हप्ताभित्र चालुतर्फ रू ८५ अर्ब ७३ करोड, पुँजीगततर्फ रू ७८ अर्ब र वित्तीय व्यवस्थातर्फ रू ४४ अर्ब २५ करोड बराबर खर्च गर्नुपर्ने देखिन्छ ।

**महालेखाले हरेक वर्ष भन्छ : 'वर्षान्तको भुक्तानी रोक्नु'**

वर्षान्तमा हतारमा कागज मिलाउने र भुक्तानी माग्ने प्रवृत्ति पनि बढ्दो छ । वर्षान्तको खर्चमा आर्थिक अनुशासन मिचिने बढी सम्भावना हुनेहुँदा यस्तो खर्च रोकिनुपर्ने भन्दै महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउने गरेको छ ।

गत आर्थिक वर्ष २०७८/७९ मा कुल बजेट खर्चको २१ प्रतिशत असार महिनामा मात्र खर्च भएको थियो । गत आर्थिक वर्षका लागि रू १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख बराबरको बजेट विनियोजन भएकोमा कुल खर्च रू १३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख बराबर थियो ।

यस्तो खर्चमध्ये असारमा मात्र रू दुई खर्ब ९ अर्ब ७५ अर्ब नौ करोड २५ लाख अर्थात् कुल खर्चको २१ प्रतिशत बराबर भुक्तानी भएको देखिन्छ । त्यस्तै असारको अन्तिम हप्तामा मात्र रू ९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजार अर्थात् कुल वार्षिक खर्चको सात दशमलव ५६ प्रतिशत भुक्तानी भएको महालेखा परीक्षक कार्यालयको ६० औं प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सरकारले वर्षान्तमा ठूलो संख्यामा रकमान्तरसमेत गर्ने गरेको देखिन्छ। गत आर्थिक वर्ष २०७८/७९ मा कुल रू एक खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख अर्थात् कुल बजेटको १२ प्रतिशत रकमान्तर गरेको थियो । महालेखा परीक्षकको ६० औं वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्षको असार महिनामा मात्र रू ८२ अर्ब ८० करोड ६७ लाख र असारको अन्तिम हप्ता मात्र रू २७ अर्ब बराबर रकमान्तर भएको थियो । रकमान्तरको यस्तो प्रवृत्ति हटाउनुपर्ने सुझाव महालेखाको प्रतिवेदनले दिएको छ ।

**असार २४ गते बन्द हुनेछन् सरकारी खाता**

एकल खाता कोषबाट जारी भएका राजस्वका चेकबाहेक अन्य सबै खालको चेकको भुक्तानी आउँदो आइतबारबाट रोकिनेछन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्ष सकिन ७ दिन अगावै सबै भुक्तानी गरिसकेर खाता बन्द गरिसक्नुपर्ने व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार महालेखा नियन्त्रक कार्यालयले चालु आर्थिक वर्षका सबै भुक्तानी असार २४ गतेभित्र गरिसक्न असार १० नै परिपत्र गरिसकेको छ । सबै कोलेनिका र प्रलेनिकालाई परिपत्र गर्दै खाता बन्द गरिसक्न भनिएको हो ।

प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र), एकल खाता कोष प्रणाली (टिएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) असार २४ गतेपछि एक हप्ताका लागि बन्द हुनेछन् ।

आर्थिक वर्षको अन्त्यमा मात्रै भुक्तानी गर्ने परिपाटीका कारण गत आर्थिक वर्ष २०७८/७९ मा सात प्रदेशको मात्र करिब रू छ अर्ब बराबर भुक्तानी रोकिएको थियो । ठूलो संख्यामा बजेट भुक्तानी माग भइआएका फाइल प्रवृष्टि गर्दा महालेखा नियन्त्रक कार्यालय तथा कोलेनिका र प्रलेनिकाको भुक्तानी प्रणालीमै समस्या देखिएको थियो । एकैपटक ठूलो संख्यामा डाटा इन्ट्री हुँदा त्यस्तो समस्या देखिएपछि भुक्तानी रोकिएको भन्दै प्रदेशले प्रेस विज्ञप्ति नै जारी गरेर भुक्तानी माग गर्दै दबाव दिएका थिए ।

**असारभित्र साल तमामी गरिसक्नु : महालेखा नियन्त्रक**

चालु आर्थिक वर्षको हिसाब यसैवर्ष फरकफारक (साल तमामी) गर्ने सम्बन्धमा महालेखा परीक्षकको कार्यालयले गत बुधबार सबै स्थानीय तह, सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गरेको छ ।

सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्राप्त भएका सशर्त, विशेष र समपूरक अनुदान अन्तर्गतको वित्तीय हस्तान्तरण रकममध्ये खर्च भई बाँकी रहन गएको बजेट फिर्ता मागेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले जोरवर्ष खातामा फिर्ता गरिसक्नुपर्छ ।

खर्च लेखाङ्कन भएका कर, धरौटीलगायतका सम्पूर्ण कट्टीहरू, फिर्ता तथा साट्न बाँकी चेकहरू असार मसान्तभित्रै सम्बन्धित खातामा जम्मा गरिसक्नुपर्छ । फिर्ता गर्नुपर्ने रकम सोही आर्थिक वर्षमा निकास फिर्ता नहुँदा भुक्तानी प्रणाली सूत्र तथा टिएसएको खर्च र निकासा भिडान नहुने भएकाले वैदेशिक सहायता समावेश भएका कार्यक्रम/आयोजनाको हिसाब भिडान हुँदैन । जसकारण आगामी आर्थिक वर्षको निकासा प्रक्रिया पनि ढिलो हुनजान्छ । रासस

# पूर्वको बाढीपहिराबाट जलविद्युत्मा नौ अर्बभन्दा बढीको क्षति

काठमाण्डु । यही असार १ र २ गते पूर्वमा आएको बाढीपहिराका कारण जलविद्युत् क्षेत्रमा रु आठ अर्ब ८४ करोडको क्षति पुगेको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) नेपालले आज प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर ताप्लेजुङ, सङ्खुवासभा, पाँचथर र भोजपुरमा असार १ र २ गते आएको बाढीबाट जलविद्युत् गृह बगाउँदा रु आठ अर्ब ८४ करोडको क्षति पुगेको बताएको हो ।



इपानका अध्यक्ष गणेश कार्कीले पूर्वमा आएको बाढिपहिराबाट सञ्चालनमा रहेका १३ र निर्माणाधीन १७ गरी ३० जलविद्युत् आयोजनामा क्षति पुग्दा लगानीकर्ता ठूलो मारमा पर्नाका साथै अर्बौं लगानी जोखिममा परेको बताउनुभयो ।

त्यसका कारण एक सय ३३ मेगावाट उत्पादन ठप्प हुन पुगेको छ। तीस जलविद्युत् आयोजनामा क्षति पुग्दा २० लाख सर्वसाधारण तथा स्थानीय लगानीकर्ताको लगानी जोखिममा परेको अध्यक्ष कार्कीले बताउनुभयो ।

इपानको टोलीले क्षतिग्रस्त आयोजना पुनर्निर्माणका लागि नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा उपलब्ध गराउन, निर्माणाधीन आयोजनामा उत्पादन सुरु गर्नुपर्ने मिति दुई वर्ष थप गर्न, सञ्चालनमा रहेका आयोजनाको पुनः विद्युत् उत्पादन नभएसम्म रोयल्टी मिनाहा गर्न, पुनर्निर्माणका लागि आवश्यक पाटपुर्जा आयातमा भन्सार तथा भ्याट छुट दिन प्रधानमन्त्रीसमक्ष आग्रह गरेको छ ।

यस्तै क्षतिग्रस्त आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्रको अवधि बढाएर ५० वर्ष कायम गर्न, आयोजना पुनर्निर्माणका लागि लिने कर्जा २० वर्षसम्म पुनर्तालिका गर्न समेत माग गरिएको छ । प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी सम्झौताले नेपालको ऊर्जा क्षेत्रमा सकारात्मक सञ्चार भएको इपानले जनाएको छ ।

सरकारले विद्युत्को विकासमा तीव्र गति लिनका लागि ऊर्जा विकास दशक घोषणा गर्नुपर्ने, ऊर्जा क्षेत्रमा बैंकको लगानी १० वर्षमा २५ प्रतिशत बनाउनुपर्ने, नेपाल विद्युत् प्राधिकरणमा आवेदन गरेका सम्पूर्ण आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता तत्काल गरिदिन, निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न एक नियमावली बनाई तत्काल कार्यान्वयन गर्नुपर्ने, वन क्षेत्रको जग्गा उपयोग र रूख कटानमा नियमावली बनाई तत्काल सहजीकरण गर्ने, विस्फोटक पदार्थको अभावलाई तत्काल सहजीकरण गर्ने, विद्युत् ऐन तत्काल पारित गर्न इपानले माग गरेको छ ।

भेटका क्रममा प्रधानमन्त्री प्रचण्डले इपानले राखेका समस्या समाधान गर्न सरकार गम्भीर रहेको बताउनुभयो । "तपाईँहरूले गम्भीर प्रकृतिका उचित विषय उठाउनुभएको छ, सम्बन्धित निकायसँग बसेर जलविद्युत् क्षेत्रका समस्या समाधान गर्न सरकार लाग्नेछ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो ।

उहाँले असाधारण ढङ्गले आएको विपद्का बारेमा गम्भीर अध्ययन गरी आगामी दिनमा हुनसक्ने क्षतिबारे चनाखो हुनुपर्ने बताउनुभयो । प्रधानमन्त्री प्रचण्डले आगामी दिनमा निर्माण गरिने जलविद्युत् आयोजनाका संरचनाबारे गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो । उहाँले इपानको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामनासमेत व्यक्त गर्नुभएको थियो। रासस

# धान खेतीभन्दा माछामा तेब्बर आम्दानी

झापा । धानभन्दा तीन गुणा बढी आम्दानी हुने भएपछि पछिल्लो समय माछापालनमा किसानको आकर्षण बढेको छ । त्यसले गर्दा झापा माछामा आत्मनिर्भर बनेको छ । नेपाल सरकारले नै माछापालक किसानलाई प्रोत्साहनसहित अनुदान दिन थालेपछि झापा माछामा आत्मनिर्भर बनेको हो ।

प्रधानमन्त्री कृषि परियोजनाअन्तर्गत जिल्लाका छ पालिकामा माछा ब्लक नै छुट्याएर विगत दुई वर्षदेखि व्यावसायिक माछापालन भइरहेको छ। कचनकवल, हल्दिबारी र कमल गाउँपालिका तथा गौरादह, मेचीनगर र अर्जुनधारा नगरपालिकामा हाल दुई वर्षीय परियोजना अन्तर्गतको माछा ब्लक सञ्चालन भइरहेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

धानभन्दा तीन गुणा बढी माछाबाट आम्दानी हुने गरेको कार्यालयका मत्स्य विकास शाखाका निमत्त प्रमुख केदारकुमारी अधिकारीले बताउनुभयो । उहाँले एक कट्ठा जमिनमा पालिएका माछाले सोही जमिनमा उत्पादन गरिएको धानको भन्दा तीन गुणा बढी आम्दानी दिने जानकारी दिनुभयो । उहाँले परियोजनाले दश वर्ष कार्यक्रम सञ्चालन गर्ने तयारीअनुसार ब्लक विकास कार्यक्रम सञ्चालन गरे पनि अब दुई वर्षमात्र चल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला १० वर्ष चलाउने भन्ने थियो कार्यक्रम, तर दुई वर्षमै सकियो ।" उहाँले पाँच हेक्टर जमिनमा ब्लक विकास कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो ।

परियोजनाअन्तर्गत क्षेत्र विस्तारका लागि चालु आर्थिक वर्षमा रु २५ लाख र यान्त्रिकीकरणमा रु डेढ लाख बजेट विनियोजन गरिएको बताउनुभयो । जिल्लामा हाल तीन सय ६५ हेक्टर जमिनमा व्यावसायिक माछापालन भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँले विगतको भन्दा फरक किसिमले किसानले माछा पाल्न थालेको जनाउँदै भन्नुभयो, "एउटै पोखरीमा कार्प जातका नौ प्रकारका माछा पाल्न थालेका छन्, जसले किसानलाई झनै ठूलो फाइदा भएको छ ।"

जिल्लामा हाल थाइल्यान्डबाट ल्याइएको पङ्गासेस र कार्प जातका माछापालन बढी हुने गरेको छ । उहाँले विग्रेट, सिल्भर, कमन ग्रासकार, रौं, नैनी, भ्याकुर जातका माछा एउटै पोखरीमा किसानले पालिरहेको बताउनुभयो । उहाँले एक कट्ठा जमिनमा दुई हजार माछा पाल्न सकिने जानकारी दिनुभयो। उहाँले सङ्घीय सरकारले किसानलाई प्रतिकट्ठा रु १० हजारका दरले र प्रदेश सरकारले प्रतिकट्ठा रु १६ हजार छ सय ६६ का दरले पोखरी खन्नका लागि अनुदान प्रदान गर्दै आएको छ । "उनीहरूका लागि यो बजेट पर्याप्त होइन", उहाँले भन्नुभयो, "सानो भए पनि प्रोत्साहित भएका छन्, विगतमा भन्दा माछा पाल्ने किसान जिल्लामा बढिरहेका छन् ।"

माछा फार्मलाई उद्योगमा रुपान्तरित गरेपछि माछा किसान अन्यायमा परेको अर्जुनधारा कृषि फार्म प्रालिका सञ्चालक दुर्गाप्रसाद भट्टराईले बताउनुभयो । उहाँले सरकारले तत्काल माछालाई कृषिमै दर्ता गराएर सोही अनुसारको सुविधा उपलब्ध गराउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "एकातिर भारतीय सस्तो माछासँग बजारमा प्रतिस्पर्धा गर्नुपर्ने छ, अर्कोतिर सरकारले उद्योगमा दर्ता गराएर विद्युतीय महसुल बढाइरहेको छ, यसले हामी मारमा पर्यौं ।"

उहाँका अनुसार कृषिमा विद्युत् महसुल रु अढाईमात्र छ भने उद्योगका लागि प्रतियुनिट रु १५ रहेको छ । हाल तीन बिगाहा जमिनमा माछापालन गरिरहेका भट्टराई भन्नुहुन्छ, "अरू बालीको तुलनामा माछाबाट आम्दानी बढी हुन्छ, तर विद्युत् महसुल महङ्गो हुँदा अन्यायमा पर्यौं ।"रासस

# वैदेशिक रोजगारमा जानैपरे सीप सिकेर मात्रै जाऔँ

काभ्रे । चालु आर्थिक वर्षको असार मध्यसम्म रोजगारका लागि काभ्रेपलाञ्चोकबाट नौ हजार नागरिक विदेशिएका छन् । यो अवधिमा १९ हजार नागरिकले जिल्लाबाट राहदानी बनाउँदा वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिनेको सङ्ख्या आधा हाराहारी हो ।

वैदेशिक रोजगारीको समग्र अवस्था र सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका अनुसार वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि जिल्लाबाट नौ हजार तीन सय ६७ जनाले अनुमति लिए पनि राहदानी प्राप्त गरेकामध्ये १३ हजार सात सय ७६ लाई वैदेशिक रोजगारसम्बन्धी परामर्श दिइएको कार्यक्रम निर्देशक वसन्त कुँवरले बताउनुभयो । जिल्लास्थित सिविक फोरम नामक संस्थाद्वारा सञ्चालित सामी कार्यक्रमले स्थानीय सरकारसँगको समन्वयमा चार स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम लागू गरेको छ भने जिल्ला प्रशासन कार्यालयबाट राहदानी सेवा लिने नागरिकलाई वैदेशिक रोजगारसम्बन्धी परामर्श प्रदान गर्दै आएको छ ।

कार्यक्रम काभ्रेपलाञ्चोकलगायत नेपालका ३९ जिल्लामा सुरु गरिएको हो । नेपालबाट दैनिक सरदर दुई हजार दुई सय वैदेशिक रोजगारमा जाने गरेको तथ्याङ्क पनि सार्वजनिक भएको छ। "सकेसम्म स्वरोजगार बनी वैदेशिक रोजगारमा नजाने, जानैपरे सीप सिकेरमात्रै जानुपर्ने व्यवस्थाका लागि सेवाग्राहीलाई अभिमुखीकरण र जानकारी गराउने कार्य भइरहेको छ", उहाँले भन्नुभयो । कार्यक्रम निर्देशक कुँवरका अनुसार सामी परियोजनाले जिल्लाका नागरिकका लागि वैदेशिक रोजगारका सन्दर्भमा जानकारी गराउने र राहदानी लिन प्रक्रिया सुरु गरेकालाई अभिमुखीकरण गर्दै आएको छ ।

सीप सिकेर विदेश जाँदा तलब बढी प्राप्त हुने, जाँदा लाग्ने रकम कम हुने तथा सुरक्षित काम गर्ने अवसर पाइने भएकाले सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जानुपर्ने कार्यक्रमको प्रमुख विषय रहेको जनाइएको छ। उक्त सुरक्षित आप्रवासन कार्यक्रम जिल्लाको धुलिखेल नगर, मण्डनदेउपुर नगर, रोशी र भुम्लु गाउँपालिकामा लागू गरिएको हो । स्थानीय तहमा उक्त कार्यक्रमले पारेको प्रभाव तथा निरन्तरताबारे सुधार्नुपर्ने विषयमा भएको छलफलमा सहभागीले पनि स्वदेशमा नै रोजगारी गरौँ, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔँ भन्ने विषयमा जोड दिएका थिए ।

धुलिखेल नगरप्रमुख अशोक ब्याञ्जूले सही सूचना लिएर र सीप सिकेर मात्र जाँदा आफ्नो रोजगारी सुरक्षित र प्रभावकारी हुने बताउनुभयो । उहाँले भन्नुभयो, "वैदेशिक रोजगारबाट फर्किएकाको सीपलाई सदुपयोग गरी स्थानीय सरकारले गरिबी निवारण तथा आयशुक्रबार्रनमा जोड्न सामूहिक कार्यक्रम सञ्चालन गर्नुपर्छ । त्यसका लागि तीन तहकै सरकारको समन्वय आवश्यक रहन्छ ।"

सामी परियोजनाको मूल नारा पनि 'स्वदेशमा नै रोजगारी गरौँ, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔँ' भन्ने नै हो। काभ्रेपलाञ्चोकको धुलिखेल नगर र रोशी गाउँपालिकामा सिविक फोरमले कार्यक्रम सञ्चालन गरिरहेको छ भने मण्डनदेउपुर नगर र भुम्लु गाउँपालिकामा स्थानीय सरकार आफैँले कार्यक्रम सञ्चालन गरिरहेका छन् । जिल्ला प्रशासन कार्यालयमा सामी परियोजनाका लागि सिविक फोरमले कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि निःशुल्क सीपमुलक तालिम प्रदान गरिरहेको छ ।

यस्तै फोरमले आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन, आप्रवासी स्रोत केन्द्रबाट सूचना तथा परामर्श सेवा, रिटर्नी स्वयंसेवक परिचालन, सामाजिक परिचालन तथा सशक्तीकरण कार्यक्रम (समुदाय अभिमुखीकरण/गहन अभिमुखीकरण)मार्फत घरभेट तथा सूचना प्रवाह गरिरहेको छ ।

प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जिल्लामा सामी परियोजना प्रभावकारी देखिएको उल्लेख गर्दै यसले वैदेशिक रोजगारबाट फर्केका व्यक्ति र रोजगारमा गएका परिवारका आफन्तलाई मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, निःशुल्क कानुनी सहायता (न्यायमा पहुँच) र सूचना तथा परामर्श सेवा (सूचनामा पहुँच)जस्ता कार्यक्रम सञ्चालनले सुरक्षित आप्रवासनमा निकै सहयोग पुगेको बताउनुभयो ।

मण्डनदेउपुर नगरका दुई हजार दुई सय ९१ नागरिक हाल वैदेशिक रोजगारमा रहेको जनाइएको छ। सामी परियोजनाको स्थानीय जनप्रतिनिधिसँग एकवर्षे समीक्षामा वैदेशिक रोजगारमा रहेका र फर्केकाको सङ्ख्या सार्वजनिक गरिएको थियो। उक्त नगरमा वैदेशिक रोजगारबाट फर्केकाको सङ्ख्या दुई हजार एक सय २४ रहेकामा अधिकांशले कृषि पेसा अपनाएका थिए। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित

## हकदाबि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यस जिल्ला धनुषा.साविक गा.वि.स. एकराही वडा नं. ७ हाल विदेह न.पा.७ मा वस्ने रामनाथ गोइतको नाती मंगल गोइतको छोरा ज्ञानचन गोइतको अविवाहीत अवस्थामा मिति २०३५/०१/१५ गते आफ्नो कालगतिले मृत्युभै यति उत्पनी हकखाने हकदार मृत्कका सबभन्दा नजिकको हकदार मृत्कको एक मात्र भतिजा अशेश्वर यादव भएकोले अरु कोही नभएको तपसिलमा उल्लेखित जग्गाको हकखाने हकदार म वाहेक अन्य कोही नभएकोले म निवेदकको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसार को विदेह नगरपालिका ५ नं. वडा कार्यालय एकराही धनुषा को च.नं.४२१ मिति २०८०/०१/२० गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको ।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदक वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावि उजुरि गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछी कानून बमोजिम मु.दे.स.२०७४ को परिछेद ११को दाफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड | सिट.नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|---|
| धनुषा | एकराही | ७ | – | १०१ | ०-५-१४-० | |
| धनुषा | एकराही | ८ | ८ | ९८ | ०-३-१८-० | |
| धनुषा | एकराही | ८ | – | ४३२ | ०-०-१०-० | |
| धनुषा | एकराही | ८ | – | ४७७ | ०-४-०-० | |

# चन्द्रपुरमा ६ दलले नगर प्रमुखसित मागे हिसाब



**टुडे समाचारदाता**

रौतहट । योजनाको भुक्तानी र समान खरिद पारदर्शी नभएको भन्दै नेपाली कांग्रेस सहित विभिन्न ६ दलले नगर प्रमुख संग हिसाव किताब माग गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, रास्वपा, नेकपा समाजवादी, जसपा र राप्रपाले चन्द्रपुर नगरपालिका प्रमुख सञ्जय काफ्लेसित हिसाबकिताब मागेका छन् । नगरपालिकामा आर्थिक अनियमितता बढेको आरोप लगाउँदै बुँदागतमा रुपमा २४ गते भित्र हिसाब दिन दुई दिनअघि दलहरुले प्रमुख काफ्लेलाई ज्ञापनपत्र बुझाएका छन् ।

नगरसभाबाट पारित गरिने नीति तथा कार्यक्रम र बजेट लगायतको योजनाको काममा राजनीतिक दल र सरोकारबाला कसैलाई पनि सहभागी नगराइ मनेमानी ढंगले गरेको आव २०७९/०८० को आम्दानी खर्च तथा योजना कार्यान्नवयन सम्झौताको सन्दर्भमा सार्वजनिक सुनवाइ समेत नगरेको र योजानको भुक्तानी, खरिद अपारदर्शी ढंगले गरेको भन्दै दलहरुले प्रमुख काफ्लेसित हिसाबकिताब मागेका हुन् ।

यसअघिका नगरसभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनले नगरको विकास सुशासन, समृद्धि, सामाजिक न्याय, स्वास्थ्य शिक्षा, आर्थिक विकास लगायत कुनै पनि क्षेत्रमा नगर प्रमुख काफ्लेले जनताले अनुभूति गर्ने गरी काम नगरेको दलहरुको आरोप छ ।

नगरपालिकामा पछिल्लो समय भनै बेथिति बढेको, सेवा प्रवाहमा ढिलासुस्ती, लापरबाही, झन्झट, विकास निर्माणको छनोट तथा कार्यान्वयनमा अपारदर्शी, अनियमितता, योजना वितरणमा असमानता लगायत बेथिति बढेको नेपाली कांग्रेसका चन्द्रपुर नगर समितिका अध्यक्ष मुकेश गिरीले बताए ।

दलहरुले विभिन्न ५ सुत्रिय माग राखेर नगरपालिकको हिसाब मागेका छन् । उनीहरुले आर्थिक वर्ष २०७८/०८९ को नीति तथा कार्यक्रम र बजेट तथा सोको संशोधनसहितको विवरण, चालु आर्थिक वर्ष २०७९/०८० को आन्तरिक स्रोत, राजस्व बाँडफाँट, संघ, प्रदेशबाट प्राप्त हुने बित्तीय समानीकरणको अनुदान, समपूरक अनुदानबाट हालसम्म के कति आम्दनी भयो ? र स्वीकृत बजेटमध्ये हालसम्म चालू पुँजीगत खर्च कति भयो सो को विवरण, नगरपालिकाबाट स्वीकृत दरबन्दी अनुसारको कर्मचारीको विवरण र पालिका अन्तर्गतको शिक्षा, स्वास्थ्य, कृषि, पशु शाखा तथा मातहतमा रहेको सम्पूर्ण कर्मचारीकोहरुको विवरण मागेका छन् ।

आर्थिक वर्ष २०७९/०८० को लागि सम्पन्न ११ औं नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको विवरण पनि उपलब्ध गराउन माग गरिएको अध्यक्ष गिरिले बताए । नेपाली कांग्रेसबाट चुनाव जितेका प्रमुख काफ्लेसित आफ्नै पार्टीले हिसाब मागेको हो । उनी पछिल्लो समय आलोचित हुँदै आएका छन् । उनी एकलौटी ढंगले चल्न थालेको भन्दै पार्टीपक्ति समेत काफ्लेसित रुष्ट छन् । प्रमुख काफ्लेले आफूले जनताको भावना अनुसार काम गरेको दाबी गरेका छन् ।

# वडाध्यक्ष र सचिवमाथि भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । नगराइनका वडाध्यक्ष वुलन यादव र सचिव अमृत नारायण मिश्रमाथि भ्रष्टाचार मुद्दा दायर भएको छ । शुक्रबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

उनीहरुले नगराइन नगरपालिका २ स्थित सडक निर्माण सम्पन्नको सिफारिस वापत ७० हजार घुस रकम लिदा लिदै अख्तियारको बर्दिबासबाट खटेको टोलीले नियन्त्रणमा लिएको थियो । आयोगका बर्दिबासबाट खटेको टोलीले गत जेठ ३१ गते ७० हजार घुस लिदा लिदै दुबै जनालाई पक्राउ गरेको थियो । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ४० लाख रुपैयाँको लागतमा नगराइन नगरपालिका-२ मा उक्त सडक निर्माण भएको छ । सोही सडकको काम सम्पन्न भएको सिफारिसका लागि उनले घुस रकम माग गरेका थिए ।

दुबै जनाले घुस लिएको पुष्टि भएको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । 'भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कैद सजाय गरी सोही ऐनको ३ को उपदफा (१) को देहाय 'ग' बमोजिम कैद सजाय गरी सोही ऐन दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय समेत गर्न माग दावी लिई शुक्रबार विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर गरिएको छ,'विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# अनुचित लेनदेन सम्बन्धी अध्यादेश टाँय टाँय फिस्स....

ब्लग :



श्यामसुन्दर शशि

नेपालीमा एउटा उखान छ -'म कुटे जस्तो गर्छु, तिमी रोएजस्तो गर्नु ।' हो, ठ्याक्कै यहि हविगत भएको छ , मिटर व्याज पीडितहरुको घाउमा मलहम लगाउन भनि प्रचारित गरिएको अनुचित लेनदेन सम्बन्धी अध्यादेशको । तामझामका साथ ल्याइएको विधेयक रहस्यमय तरिकाले निष्कृय बनाइएको छ । यस रहस्यको पोका पछि खोलौला । अनुचित लेनदेन बन्द गर्नु पर्ने मांग राखी ऋणीहरु लामै संघर्ष गरेका थिए । मिटर व्याज पीडितहरु वर्षौ देखि आन्दोलनगर्दै आएका छन् । धर्ना र विरोधका कार्यक्रमहरु गर्दै आएका थिए । सरोकारबाला निकायहरुलाई घेराउ गर्दै आएका छन् । अन्ततःआफूलाई सर्वहारा पार्टीका मुखिया भन्ने पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार वैशाख २० गते अध्यादेश मार्फत मिटर ब्याज विरुद्धको कानुन ल्याए ।

एकातिर खुसीयाली रैली निकालियो । अबिर यात्रा निकालियो । अर्कोतिर महाजनहरु दुखः मनाउन थाले । दुखः गरेर कमाएको पुँजी गुम्ने त होईन ? मिटर व्याज पीडितहरुले निकालेकै शैलीमा महाजनहरु पनि सडकमा उत्रे । दबाब बढाउन थाले ।



सम्बन्धित निकायमा मुद्दा हाले । समाज दुई चिरामा विभाजित भयो । एकातिर ऋणी (खदुका) र अर्कोतिर महाजनहरु । पानी बाराबारको स्थिति सृजना भयो । ऋण लिने र दिने समाजको आदि परम्परा हो । हो, कहिं महाजनले त कहिं खदुकाले बेईमानी गरेको घटनाहरु भने आई रहन्थे तर वषौदेखि चल्दै आएको यस ब्यबसायले समाजलाई यस प्रकार विभाजित भने गरेको थिएन । समाजलाइ दुई कित्तामा बांडेर, समाजिकद्वन्द्व बढाएर अन्तमा अध्यादेशनै निष्कृय हुनु भनेको शीर्ष नेताहरुको चरम लापरवाही हो । यसले के प्रष्ट हुन्छ भने देशचलाउने शीर्ष नेताहरु सामाजिक विविधता, सामाजिक रितिरिवाज तथा सामाजिक अर्थतन्त्र बारे अझै बुझ्न सक्नु भएको छैन् ।

ऋण लगाएर गैरकानुनी सम्पति कमाउनु नो पुँजीको सुरक्षाकालागि घर जग्गापास गराउनहुने । चर्को ब्याज लिन पाउने अनि निजी पुँजी लगानी गरेका महाजनहरुले आफ् नो पुँजीको सुरक्षा खोज्नु गलत हो जस्तो लाग्दैन ।

हो, महाजनहरुले मूलधनभन्दा दोब्बर तेब्बरको कागज गराएका हुन्छन् । समयमा ऋण चुक्ता गरेनन वा खदुकासंग कुरा मिलेन भन्ने कागज बमोजिमकै माग दाबी सहित अदालत पुग्छन् । ऋणीको घर जग्गा लिलाम





कुनै महाजनको पेशा हुन सक्छ । सरकारले बनाएको कानुन अनुसार राष्ट्र बैंकसंग स्वीकृति लिएर संचालनमा आएका व्यावसायिक बैंक र वित्तीय संस्थाहरु पनि यही काम गर्छन् । फरक के छ भन्ने बैंकहरुको नाफा घाटाको हिसाबकिताब सरकारसंग हुन्छ । महाजनको हिसाब किताब सरकार संग हुदैन । सरकारको स्वीकृति प्राप्त बैंक र वित्तीय संस्थाहरु घर जग्गापास गराएर ऋण दिन्छन् । सम्पतिको मूल्यांकन भन्दा आधा मात्र ऋण दिन्छन् । अनि १७ प्रतिशत सम्म व्याज लिन्छन् । व्यक्तिको श्रीसम्पतिपास गराएर ऋण दिने बैंकहरु आफ् गराउँछन् । जेल पनि हाल्न लगाउँछन् । यस्ता महाजनहरु माथि कारवाही आवश्यक छ । व्याजबाट कमाएको आम्दानी करको दायरामा आउनु पर्दछ । फेरि व्यावसायिक बैंक तथा वित्तीय संस्थाहरुले १७ प्रतिशत व्याज लिन पाउँने र निजी महाजनहरु १० प्रतिशत मात्र व्याज पाउँने ? यो कस्तो न्याय होला ।

जे भएपनि सरकारले ल्याएको अध्यादेश ऋणीहरुको मुहारमा खुसी ल्याएको थियो । जो धेरै दिन टिक्न सकेन । मलाई त के लाग्छ भन्ने सत्तागठबन्धन र प्रतिपक्षदुबै दलका शीर्ष नेताहरु अनुचित लेनदेन सम्बन्धी कानुन ल्याउन चाहेका थिएनन् । नभए सरकारलाई थाहा छ कुनै पनि अध्यादेश राजपत्रमा प्रकाशित भए पछि कानुन बने पनि ६० दिन भित्र उक्त अध्यादेश संसदको दुबै सदनबाट पारित गराउनु पर्दछ । यस संवैधानिक वाध्यतालाई बुझ्दा बुझ्दै अध्यादेश जारी गरेको ६० औं दिन दुबै सदनमा निर्णयार्थ प्रस्तुत गर्नु भनेको सरकारको बेईमानी हो । अर्को तर्फ प्रमुख प्रतिपक्ष नेकपा एमाले, राप्रपा र रास्वपा पार्टीले पनि यो अध्यादेश पारित नहोस भन्ने नियोजित रुपमा संसद अवरुद्ध गर्नु स्वाभाविक देखिदैन । अर्को शब्दमा भनौ भने सत्ताधारी र प्रतिपक्षी दुबै पार्टीका शीर्ष नेताहरु अनुचित लेनदेन सम्बन्धी कानुनको विरोधमा देखिएका छन् । नेपालीको उखान जस्तै- म कुटेजस्तो गर्छु , तिमी रोएजस्तो गर्नु ।'

# एमाले सिद्धान्त र व्यवहारमा अब्बल पार्टी : योगेश भट्टराई

**टुडे समाचारदाता**

कलैया । नेकपा एमालेका सचिव एवम् मधेश प्रदेश कमिटीका इन्चार्ज योगेश भट्टराईले नेकपा एमालेसिद्धान्त र व्यवहारको दृष्टिकोणले देशको सबैभन्दा अब्बल पार्टी रहेको दावी गरेका छन् । पार्टी कामको सिलसिलामा रौतहट जान लागेका नेता भट्टराईले निजगढमा आयोजित पार्टी कार्यकर्ताहरू भेटघाट र परिचयात्मक कार्यक्रममा सो दावी गरेका छन् ।

'सिद्धान्त र विचारमा मात्रै होइन एमाले व्यवहारमा पनि उत्तिकै अब्बल छ, उनले भने, 'पार्टीले अङ्गिकार गरेको जनताको बहुदलीय जनवाद माक्सवादको सृजनात्मक प्रयोग हो र विश्वका अन्य धेरै देशमा यसलाई अपनाउन थालिएको छ ।' उनले पार्टीको सिद्धान्त र व्यवहार सही भएकोले नै अहिले एमाले देशको सबैभन्दा लोकप्रिय दलको रुपमा रहेको बताए ।

'एमाले जनताको मनमा बसेको पार्टी हो, उनले भने, गत संसदीय निर्वाचनमा विपक्षीहरूको गठबन्धनका बाबजुद जनताले एमालेलाई मत दिएर समानुपातिकतर्फ सबैभन्दा ठूलो दल बनाएका छन् ।'



उनले चुनावमा विपक्षीहरूले गठबन्धन नगरको भए एमालेले प्रत्यक्षतर्फ थप २०-२५ सिट बढी जित्ने दाबी पनि गरे । उनले राष्ट्रियताको बारेमा एमालेले अबलम्बन गरेको नीतिका कारण पनि देशको स्वभिमान उच्च हुदै गएको बताए । आफूहरूले छिमेकी भारत र चीन दुबैको प्रभावमा नपरी राष्ट्रिय स्वाधिनताको लागि काम गरेको भट्टराईको दाबी छ ।

हालको निर्वाचन प्रणालीमा कुनै पनि दलले एक्लै बहुमत ल्याउन कठिन हुने भएकोले यो प्रणाली परिवर्तन गर्ने बारेमा पनि बहस सुरु भएको उनले बताए । 'निर्वाचन प्रणालीले एकल दलको सरकार गठन गर्न मात्र बाधक होइन दलहरूलाई नै भ्रष्टिकरणको दिशामा पुऱ्याएको छ, नेता भट्टराईले भने, यस्तो प्रणालीलाई परिवर्तन गर्नुपर्छ ।' उनले निर्वाचन प्रणाली खर्चिलो भएकोले दलहरूले चुनाव जित्नको लागि पैसावालालाई टिकट दिनुपर्ने बाध्यता आएको जनाए ।

'असल र इमान्दार मान्छेले भन्दा साम, दाम र दण्डभेद प्रयोग गर्न सक्नेले मात्रै टिकट पाउने अवस्था आयो,' उनले भने ।

# श्रीमानद्वारा श्रीमतीको हत्या

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-५ घुर्कौलीमा श्रीमानले श्रीमतीको हत्या गरेका छन् । शुक्रबार ३५ वर्षीय रामभरोस महतोले श्रीमती ३० वर्षीया नैनकुमारी महतोको हत्या गरेका छन् ।

उनले खुकुरीले घाँटीमा प्रहार गरी हत्या गरेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक शिवराम थापाले जानकारी दिए । उनका अनुसार महतोले घरायसी विवाद हुँदा आवेशमा आइ श्रीमतीमाथि खुकुरी प्रहार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । छिमेकीका अनुसार महतो दम्पती बीच यस अघि देखि नै घरायसी झगडा हुँदै आएको थियो । श्रीमतीको हत्या गरी रामभरोस आफै इलाका प्रहरी कार्यालय हरिवनमा आत्मसमर्पण गरेका छन् ।

उनलाई हिरासतमा राखी कानुनी कारवाही प्रकृया अघि बढाइएको छ । अभियुक्तले कार्यालयमा आएर आत्मसमर्पण गरेपछि प्रहरी घटनास्थलमा पुगेका थिए । त्यसपछि प्रहरीले मुचुल्का उठाइएर अनुसन्धान अगाडि बढाएको छ । मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाएको थियो ।

# चट्याङ् लागेर किसानको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिका-७ विष्णुपुर टोलका-७० वर्षीय रामप्रसाद रामको चट्याङ लागेर शुक्रबार मृत्यु भएको छ ।

घर नजिकैको आफ्नै खेतमा काम गरिरहेका बेला वर्षाको पानीसँगै परेको चट्याङ लागेर रामको मृत्यु भएको जिल्लाप्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घाइते रामको उपचारको क्रममा गजेन्द्रनारायण सिंह अस्पताल राजबिराजमा मृत्यु भएको अस्पतालले जानकारी दिएको छ ।

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.

९८०१६२६०२१, ९८५५०२१०२२

email :jtodayad@gmail.com

# राजर्षि जनक विश्वविद्यालयका विद्यार्थी आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालयमा रिक्त पदाधिकारी पदपूर्ति गर्नुपर्ने माग गर्दै विद्यार्थीहरुले जनकपुरधाममा प्रदर्शन गरेका छन् । शुक्रबार जनकपुरधाम-ढलकेवर सडक खण्ड जाम गरेर प्रर्दशन गरेका छन् ।



रिक्त रहेको पदाधिकारी चयन गरी विश्वविद्यालय सुधार गर्नुपर्ने उनीहरुको माग छ । विश्वविद्यालयमा उपकुलपति, क्याम्पस प्रमुख र रजिस्ट्रार लगायतको पदसमेत रिक्त रहेको छ । जसले गर्दा पठनपाठन लथालिङ्ग भएको विद्यार्थीहरुको गुनासो छ । प्रदर्शनमा विद्यार्थीहरुले शिक्षामन्त्री विरुद्धसमेत नाराबाजी गरेका थिए । विश्वविद्यालयका भीसी, रजिष्ट्रार, डीन लगायतका पदाधिकारीहरू रिक्त रहेको लामो समय भइसकेको छ । यसअघिका पदाधिकारीहरूको कार्यअवधि पूरा भइ अवकाश पाइसकेका छन् । राजर्षि जनक विश्वविद्यालयबाट सेवा निवृत्त शैलेन्द्रनारायण मल्लिकले संघ सरकारद्वारा सञ्चालनमा रहेको यो विश्वविद्यालय सरकारी उपेक्षाको शिकार भएको बताए ।

'संघ सरकारले विश्वविद्यालय स्थापना गरेर पदाधिकारी विहीन बनाए र विद्यार्थीहरुको भविष्य संग खेलवाड गरेको छ । प्रदेश सरकार सहयोग गर्न चाहँदैन,'उनले भने,'यसरी सरकारी उपेक्षाको सिकार भयो भने विश्वविद्यालय कसरी चल्छ ?' राजर्षि जनक विश्व विद्यालयमा बीए एलएलबी, बीबीए, बीसीए, बीएससीआइटी, बीएमएलटी, बीपीएच र एमबीएको पठन पाठन हुँदै आइरहेको छ । जनकपुरधामको रामानन्द चोकमा रहेको यस विश्वविद्यालयमा ५ सय विद्यार्थी अध्ययनरत छन् ।

# मल कालोबजारी गर्ने पक्राउ

**टुडे समाचारदाता**

बीरगञ्ज । युरिया मल कालोबजारी गर्ने एक जनालाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको मल भारतीय युरिया मलको बोरामा परिवर्तन गरी अनाधिकृतरुपमा कालोबजारी गर्दै आएका पर्साको बहुदरामाई नगरपालिका-२ बस्ने २८ वर्षीय दिपेशकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



दिपेशले वीरगञ्ज महानगरपालिका-२१ स्थित हनुमान मन्दिर चोकमा घर भाडामा लिई ५० केजीको साल्ट ट्रेडिङले उपलब्ध गराएको युरिया मल ४५ केजीको भारतीय मलको बोरामा साटफेर गरी बिक्री वितरण गर्दै आएका थिए ।

प्रहरीले शुक्रबार छापा मार्ने क्रममा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको ५० केजीको ४५ बोरा युरिया मल, भारतीय जनउर्वरक परियोजनाको ४५ केजीको १५ बोरा युरिया मल, मल ओसार पसारमा प्रयोग हुँदै आएको एउटा भारतीय नम्बरको मोटरसाइकल, साल्ट ट्रेडिङको ३२ थान खाली बोरा, भारतीय युरिया मलको १६ थान खाली बोरा बरामद गरेको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।

साहलाई कालोबजारी कसुरमा जिल्ला प्रशासन कार्यालय पर्साबाट १० दिनको म्याद थप लिई अनुसन्धान अगाडि बढाइएको एसपी शाहले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८